समयबद्ध कार्ययोजना बनाएर काम गर्न ऊर्जामन्त्री श्रेष्ठको निर्देशन पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक ३०० • २०८२ साल चैत १६ गते सोमबार (30 March, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## ओली र लेखकको गिरफ्तारीबारे जसपा मौन

**टुडे समाचादाता**

जनकपुरधाम। पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकको गिरफ्तारीबारे जनता समाजवादी पार्टी (जसपा) नेपालले मौनता साधेको छ। एमालेको सचिवालय बैठकबाट अध्यक्ष ओलीको गिरफ्तारी विरुद्ध अन्य दलहरूसंग समन्वय गर्दै आन्दोलन अघि बढाउने प्रयत्न गरिरहँदा जसपा नेपालले आइतबार एक विज्ञप्ति जारी गर्दै एमालेको प्रयत्नमा साथ नदिने संकेत गरेको छ।

जसपा नेपालको केन्द्रीय समन्वय समितिको बैठकपछि डा. सुरेन्द्र कुमार झाले जारी गरेको विज्ञप्तिमा नेताहरूको गिरफ्तारी र सरकारको कदमबारे कुनै विरोध जनाइएका छैनन्। जारी गरिएको विज्ञप्तिमा सरकारले पूर्वाग्रहबाट मुक्त भएर काम गर्नुपर्ने उल्लेख गरिएको छ।

जसपाले बालेन्द्र साहको नेतृत्वमा बनेको सरकारले अनिश्चितता अन्त्य गर्ने विश्वास पनि व्यक्त गरेको छ।

नेपाली जनताको संघर्ष र आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै सरकारले विधिको शासन तथा कानूनी राज्यको प्रत्याभूति गराउने विश्वास व्यक्त गरेको छ।

### कांग्रेस-एमाले-नेकपामाथि सरकारको नजर

# तीन पूर्वप्रधानमन्त्रीमाथि सम्पत्ति शुद्धीकरण मुद्दामा अनुसन्धान

**टुडे समाचारदाता**

जनकपुरधाम। तीन जना पूर्वप्रधानमन्त्री, दुई जना पूर्वमन्त्री तथा तिनका परिवारजनको सम्पत्तिमाथि अनुसन्धान अघि बढाएको छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रका आधारमा नेपाल प्रहरीले पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड, दुई जना पूर्वमन्त्री आरजु राणा देउवा र दीपक खड्का तथा उनीहरूको परिवारजनको नाममा रहेका चल-अचल सम्पत्ति तथा आम्दानीको स्रोतलगायत विषयमा अनुसन्धान अघि बढाइएको स्रोतले दाबी गरेको छ।

त्यस्तै पूर्वमन्त्री आरजु राणाका भाई भूषण राणामाथि पनि अनुसन्धान अघि बढाइएको छ। सोही क्रममा आइतबार कांग्रेसका नेता तथा



पूर्वऊर्जा, जलस्रोत तथा सिचाइँमन्त्री दीपक खड्कालाई निवासबाटै पक्राउ गरिएको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रका आधारमा उनलाई पक्राउ गरेको छ। विभागले प्रारम्भिक अनुसन्धानमा कैफियत देखिएका तत्कालीन पूर्वप्रधानमन्त्रीहरूलाई समेत अनुसन्धानको दायरामा ल्याउन प्रहरीलाई पत्र पठाएको छ।

## पूर्वउर्जामन्त्री खड्कालाई हिरासतमा राख्न सात दिने अनुमति

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेस नेता तथा पूर्वमन्त्री दीपक खड्कालाई जिल्ला अदालतले सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अदालतले अनुमति दिएको छ। काठमाण्डु जिल्ला अदालतले पूर्वउर्जामन्त्री खड्कालाई सात दिन हिरासतमा राख्न अनुमति दिएको छ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) ले खड्कालाई आइतबार बिहान निवासबाट पक्राउ गरेको छ। उनलाई म्याद थपका लागि काठमाण्डु जिल्ला अदालत उपस्थित गराइएको थियो। उनको बयान लिने क्रम शुरू भएको छ।

अदालतको आदेशमा भनिएको छ, 'दिपक खड्काको आज बयान कार्य शुरू भए पनि उनी विरूद्ध प्रमाणहरू बुझ्ने तथा बयान गराउने समेतका अनुसन्धान सम्बन्धी कार्यहरू बाँकी नै रहेकाले सो प्रयोजनको लागि प्रतिवादीलाई हिरासतमा राख्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुमति माग गरेको र अनुमति माग गरेको बेहोरा मनासिव देखिँदा दिपक खड्कालाई हिरासतमा राखी उपयुक्त लेखिए बमोजिमको कार्यहरू सम्पन्न गर्ने प्रयोजनका लागि आइतबारदेखि लागू हुने गरी ७ दिनको म्याद थपको अनुमति प्रदान गरिदिएको छ।'

गत २४ भदौमा भएको तोडफोड र आगजनीमा खड्काको निवासबाट जलेका नोटका भग्नावशेष भेटिएका भिडियो बाहिरिएको थियो। उनको घरमा जलेका नोटको सम्बन्धमा अनुसन्धान अघि बढाएको छ।

## ओली र लेखकलाई ५ दिन हिरासतमा राख्न अदालतको अनुमति

**टुडे समाचारदाता**

जनकपुरधाम। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई अनुसन्धानका लागि पाँच दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ।

काठमाण्डु जिल्ला अदालतका न्यायाधीश आनन्द श्रेष्ठको एकल इजलासले उनीहरूलाई ५ दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएका छन्।

नेकपा एमालेका अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री ओली र कांग्रेस नेतासमेत रहेका पूर्वगृहमन्त्री लेखकको बयान बाँकी रहेकाले अदालतले म्याद थप गरिएको काठमाण्डु जिल्ला अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले जानकारी दिए।

त्यस्तै श्रेष्ठको इजलासले केपी शर्मा ओली अस्वस्थ भइ उपचारार्थ अस्पतालमा रहेकाले प्रभावकारी आवश्यक उपचारको व्यवस्था गर्न पनि आदेश दिएको छ।

म्याद थपका लागि प्रहरीले नेता लेखकलाई सरकारी वकीलको कार्यालय हुँदै काठमाण्डु जिल्ला अदालतमा पेश गरेको थियो भने पूर्वप्रधानमन्त्री ओलीलाई अस्पतालबाट भिडिओ कन्फ्रेन्समार्फत् अदालतमा हाजिर गराइएको थियो।

यता अध्यक्ष ओली रिहाइको माग गर्दै सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन पेश भएको छ।

गैरकानूनी पक्राउ गरी थुनामा राखिएको भन्दै ओलीको हकमा उनको धर्मपत्नी राधिका शाक्यले बन्दी प्रत्यक्षीकरण निवेदन पेश गरेकी छन्। सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेका अनुसार बन्दीप्रत्यक्षीकरण निवेदन पेश भए पनि अध्ययनको क्रममा रहेको जनाइएको छ। आइतबार निवेदन दर्ता भए पनि सोमबार सुनुवाइ हुने जनाइएको छ।

गत भदौ २३ र २४ को घटनासम्बन्धी घटनासम्बन्धी अनुसन्धान गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनका लागि ज्यानसम्बन्धी कसुरमा ओली र लेखकलाई शनिबार पक्राउ गरिएको थियो। पक्राउपछि ओली उपचारका लागि शिक्षण अस्पताल काठमणडुमा भर्ना छन्।

## एसइई परीक्षाः कर्मचारीदेखि परीक्षार्थीसम्मको मोबाइल नष्ट गर्ने चेतावनी



**टुडे समाचारदाता**

जनकपुरधाम। यही चैत १९ देखि शुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि मधेश प्रदेशमा व्यवस्थित र मर्यादित बनाइने भएको छ।

जनकपुरधाममा आइतबार शिक्षा तथा संस्कृति मन्त्रालयको आयोजना मधेश प्रदेशको आठ वटै जिल्लाका सरोकारवालाको सहभागितामा भएको बैठकमा शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीले एसइई परीक्षालाई व्यवस्थित र मर्यादित बनाउनका लागि परीक्षा केन्द्रमा मोबाइल जफत गरी नष्ट गर्ने चेतावनीसहितको निर्देशन दिइन्।

उनले परीक्षा केन्द्रमा मोवाइललगायतका अन्य उपकरण पूर्णरुपेण बन्देज ल्याइएको बताइन्।

मन्त्री तिवारीले भनिन्, 'मधेश प्रदेशको शैक्षिक अवस्था खस्किदो अवस्थामा रहेकाले यसप्रति आफू निकै गम्भीर रहेर मोबाइल जफत गरी नष्ट गर्ने निर्णयमा पुगेको छु।' उनले यदि कर्मचारीदेखि परीक्षार्थीसंग समेत मोबाइतललगायतका वस्तु फेला परेमा तत्कालै जफत गरी नष्ट गर्न सरोकारवाललाई निर्देशन दिएकी छन्।

उनले स्पष्ट पार्दै भनिन्, 'परीक्षा केन्द्रमा केन्द्राध्यक्ष बाहेक अन्य कर्मचारी र परीक्षामा विद्यार्थीले मोबाइल लिएर आएमा तत्काले जफत गरी नष्ट गरिने छ, यसका लागि केन्द्राध्यक्ष गम्भीर हुनुपर्छ।'

परीक्षा केन्द्रमा पत्रकारलाई समेत निषेध गर्नुपर्ने उनको भनाइ छ। उनले रिपोर्टिंगको नाममा परीक्षा केन्द्रभित्र पत्रकार गएर हलको वातावरण बिग्रिने भएकाले पत्रकारहरुलाई पनि परीक्षा केन्द्रभन्दा बाहिरैबाट रिपोर्टिंग गर्नका लागि आग्रह गरिन्।

उनले कुनै पनि किसिमको अनियमितता हुन नदिन कडा निगरानीको व्यवस्था गरिएको स्पष्ट पारिन्।

बैठकबाट भएको विभिन्न निर्णय सार्वजनिक गर्दै शिक्षा तथा संस्कृति मन्त्रालयका उपसचिव उज्ज्वल पोखेलले परीक्षा केन्द्रमा खटिएका कर्मचारीले समेत मोबाइल परीक्षा हलभित्र लैजान नपाउने निर्णय भएको बताए।

उनले भने, 'मधेश प्रदेशमा एसइई परीक्षामा शान्तिपूर्ण, मर्यादित ढंगले सञ्चालन गर्ने, परीक्षामा अमर्यादित क्रियाकलाप गर्ने व्यक्ति, कर्मचारीलाई कारबाही गर्ने, केन्द्रमा खटिएका केन्द्राध्यक्ष, कर्मचारीहरु पूर्ण जिम्मेवारी रहनुपर्ने, केन्द्राध्यक्ष बाहेकले कर्मचारीले समेत मोबाइल लैजान निषेध गरिएको छ, उनीहरुको साथबाट मोबाइल भेटिए तत्कालै जफत गर्ने, शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालयलयका तोकिएका कर्मचारीले अनगुमगन गर्ने, स्थानीय तहका शिक्षा अधिकृतले जिल्ला शिक्षा इकाइसंग समन्वय गर्ने र अनुमगन गर्न सक्ने व्यवस्था गरिएको छ।' उनले परीक्षा केन्द्रमा खटिएका केन्द्राध्यक्षसहितका कर्मचारीहरुको बेतन विगतमा कम भएकाले परिमार्जन गर्नका लागि राष्ट्रिय परीक्षा बोर्डमा पठाउने निर्णय भएको बताए।

यस वर्ष मधेश प्रदेशबाट ८७ हजार ५ सय ९१ जना विद्यार्थी परीक्षामा सहभागी हुने मधेश प्रदेश सरकारले जनाएको छ।

शिक्षा तथा संस्कृति मन्त्रालयले परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन प्रदेशभरि २ सय ९९ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ भने केन्द्रहरूमा १ हजार ३ सय १६ विद्यालयका परीक्षार्थी सहभागी हुनेछन्।

## संघीयताको अनुभूति नभएको गुनासो

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रमुख प्रतिपक्षी नेपाल कम्युनिस्ट पार्टी (एमाले) मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउने दायित्व रहेकाले आफ्नो पार्टीले रचनात्मक सहयोग गर्ने बताएका छन्।

मधेश प्रदेशसभाको आइतबार बसेको बैठकमा पूर्वमुख्यमन्त्रीसमेत रहेका नेता यादवले सरकारलाई प्रतिशोधपूर्ण राजनीति नगरी विधि र कानुनअनुसार अघि बढ्न सुझाए। उनले मधेश प्रदेशलाई अन्य प्रदेशको तुलनामा कम प्राथमिकता दिइएको आरोप लगाउँदै जनमत अनुसार विकास र बजेट विनियोजन हुनुपर्ने भन्दै प्रदेश सरकारको आलोचना गरे।

मधेश प्रदेश सभाको छैटौं अधिवेशन अन्तर्गत आइतबार बसेको १४औं बैठकमा प्रदेश सभा अधिकांश प्रदेशसभा सदस्यले संविधानले दिएको अधिकार अझै पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको भन्दै प्रदेशलाई अधिकार सम्पन्न बनाउन दलगत स्वार्थभन्दा माथि उठेर सहकार्य गर्नुपर्नेमा जोड दिए।

प्रदेश सभा सदस्य जयनुल राईनले प्रदेश सरकारको कार्य सम्पादनप्रति प्रश्न उठाउँदै बहुवर्षीय योजनाहरू अझै अधुरै रहेको उल्लेख गरे। उनले सो योजनाहरूलाई शीघ्र सम्पन्न गरी जनतामा विश्वास जगाउन सरकार गम्भीर हुनुपर्ने बताए।

जनमत पार्टी मधेश प्रदेशका प्रमुख सचेतक चन्दनकुमार सिंहले संघीयताको मर्मअनुसार प्रदेशको पहिचान र अधिकार सुनिश्चित गर्न दीर्घकालीन योजना आवश्यक रहेको बताए।

त्यस्तै सांसद जिवछी कुमारी यादवले सामाजिक विकृतिका रूपमा रहेको दाइजो प्रथालाई अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउँदै महिलामाथि हुने हिंसा नियन्त्रणमा प्रभावकारी नीति ल्याउनुपर्नेमा जोड दिइन्।

प्रदेशसभा सदस्य ललिता दासले मधेशी दलित समुदायलाई राज्य संरचनामा समुचित प्रतिनिधित्वनदिइएकोप्रतिअसन्तुष्टि व्यक्त गर्दै समावेशी शासनको प्रत्याभूति गराउन सरकारलाई आग्रह गरिन्।




## मनसुनको पूर्वतयारी गर्न गृहमन्त्री गुरुङको निर्देशन

काठमाण्डु । गृहमन्त्री सुधन गुरुङले आमनागरिकको सुरक्षा हुनेगरी मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन निर्देशन दिनुभएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा आइतबार भएको कार्यक्रममा उहाँले विपद् प्रतिकार्यका लागि आवश्यक जनशक्ति एवं उपकरण तयारी अवस्थामा राख्न पनि निर्देशन दिनुभएको छ । गृहमन्त्री गुरुङले नागरिकलाई समस्या परेका बेला राज्यले जुनसुकै स्रोतसाधन परिचालन गर्न हिच्किचाउन नहुने बताउनुभयो । उहाँले भन्नुभयो, “नागरिकको जीवन बचाउनु राज्यको सबैभन्दा महत्त्वपूर्ण दायित्व हो । त्यसैले जुनसुकै विपद् का लागि तयारी अवस्थामा रहन आवश्यक छ ।”

प्राधिकरणले गरिरहेका कार्यबारे जानकारी लिएपश्चात् गृहमन्त्री गुरुङले विद्यालय तथा क्याम्पसका पाठ्यक्रममा विपद्सम्बन्धी विषयवस्तु राखिनुपर्ने र विद्यार्थीलाई विपद्सम्बन्धी आधारभूत तालिम दिनुपर्नेमा पनि जोड दिनुभयो । प्राधिकरणका प्रमुख कार्यकारी इ दिनेशप्रसाद भट्टले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि हाल सम्पादन भइरहेका कार्य, आगामी प्राथमिकता एवं चुनौतीबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।रासस

# बेटिङ एप र वेबसाइट बन्द गर्न प्राधिकरणलाई निर्देशन



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अनलाइन सट्टेबाजी एप ‘बेटिङ एप’ २४ घण्टाभित्र बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको छ ।

सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाको अध्यक्षतामा आइतबार मन्त्रालयका सचिवसहित महाशाखा प्रमुखहरुसहित बसेको बैठकमा मन्त्री तिमिल्सिनाले बेटिङ एप र त्यससम्बन्धी वेबसाइट बन्द गर्न निर्देशन दिनुभएको हो । यो निर्देशनसँगै प्राधिकरणले बेटिङ बन्द गर्ने प्रक्रिया सुरु भएको छ । बेटिङ बन्दका लागि ‘अपरेटर्स’हरुलाई निर्देशन दिएर बन्द कार्य सुरु भइसकेको प्राधिकरणका सहायक प्रवक्ता डा प्रदीप पौड्यालले जानकारी दिनुभयो ।मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकले अवैध रूपमा सञ्चालित अनलाइन बेटिङ बन्द गर्ने निर्णय गरेको थियो । त्यसलगत्तै सञ्चारमन्त्री डा तिमिल्सिनाले मन्त्रालय र सम्बद्ध निकायसँग छलफल गरी तत्कालै ‘एक्सन’ लिनुभएको छ ।

मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीमार्फत सरकारले देशभित्र सञ्चालित सबै सट्टेबाजी एप र वेबसाइटलाई २४ घण्टाभित्रै पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको थियो ।अवैध आर्थिक कारोबार र पुँजी पलायनलाई रोक्ने उद्देश्यले सरकारले यस्तो निर्णय गरेको जनाइएको छ । कार्यसूचीको ४२ नम्बर बुँदामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सट्टेबाजी एप (बेटिङ एप) र त्यससम्बन्धी वेबसाइट २४ घण्टाभित्र बन्द गर्न निर्देशन दिइएको छ ।

बैठकमा सञ्चारमन्त्री डा तिमिल्सिनाले मन्त्रालयले जनतालाई तत्काले प्रदान गर्न सकिने सेवाबारे कार्ययोजना पेस गर्न महाशाखा प्रमुखलाई निर्देशन दिनुभयो । उहाँले उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गर्दै सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन आग्रह गर्नुभयो ।सञ्चारमन्त्री डा तिमिल्सिनाले ‘डिजिटल शासन र डेटा गभर्नेन्स’मा फोकस भएर समन्वयात्मक पद्धतिबाट जनताले प्रत्यक्ष लाभ पाउनेगरी काम गर्नुपर्नेमा जोड दिनुभयो । मन्त्रालयले गर्ने कामको दैनिक रिपोर्टिङ र समीक्षा गर्ने तथा मासिक रुपमा मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यलयलाई रिपोर्टिङ गर्ने प्रणालीको विकास गरिने उहाँको भनाइ छ ।रासस

# ऊर्जा निर्यातका लागि नीतिगत प्रबन्ध गरिने

काठमाण्डु । सरकारले लामो समयदेखि माग हुँदै आएको ऊर्जा निर्यातका लागि नीतिगत प्रबन्ध गर्ने भएको छ । नयाँ सरकार गठन भएलगत्तै शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयमा ऊर्जा क्षेत्रको बृहत्तर विकासका अलावा निर्यातका लागि एक महिनाभित्र रणनीति तयार पार्ने उल्लेख छ ।

नेपालले भारत र टोकनका रूपमा नै भए पनि बङ्गलादेशमा जलविद्युत् निर्यात गर्दै आएको छ । त्यसलाई नीतिगत रूपमा थप प्रष्ट पार्ने र कार्यान्वयनयोग्य बनाउने भएको छ । एक महिनाभित्र उक्त रणनीति तय गरिने उल्लेख गरिएको छ । त्यसैगरी, निजी क्षेत्रले लामो समयदेखि माग गर्दै आएको विद्युत् खरिद बिक्रीसम्बन्धी सम्झौतालाई एक सय ८० दिनभित्र गरिने भएको छ । जलविद्युत् उत्पादनलाई थप विस्तार गर्ने र निजी क्षेत्रको मागअनुसार उक्त सम्झौता गर्ने समयवाधिसमेत निर्धारण गरिएको हो ।

समग्रमा ऊर्जा क्षेत्रको विकासका लागि विभिन्न कार्ययोजनाहरू अघि सार्दै



सरकारले विद्युत् खरिद सम्झौता तथा अनुमतिपत्रसम्बन्धी निर्णय अधिकतम १८० दिनभित्रमा गर्ने स्पष्ट पारेको छ । देशको ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा विकास गर्ने, विद्युत् उत्पादन, प्रसारण, वितरण तथा निर्यातसम्बन्धी अवरोध तत्काल हटाई तीव्रगतिमा विकास सुनिश्चित गर्ने उद्देश्य राखिएको छ ।

यस्तै विद्युत निर्यातलाई उच्च मूल्य प्राप्त हुने बजार त्यसमा पनि विशेषगरी साँझको ‘पिक’ समयमा केन्द्रित गर्ने रणनीति तत्कालै कार्यान्वयनमा लैजाने सरकारको तयारी छ । नेपाल विद्युत् प्राधिकरणको संरचनात्मक सुधारसम्बन्धी रोडम्याप तयार गरी कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाउने कार्ययोजनामा समावेश छ ।

त्यस्तै ऊर्जा क्षेत्रको दीर्घकालीन वित्तीय स्रोत व्यवस्थापनका लागि बहुआयामिक वित्तीय संरचना (सरकारी, निजी, विदेशी तथा डायस्पोरा लगानी) विकास गरिनेछ । त्यस्तो सुधार कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित निकायले स्पष्ट समयसीमा तोकी कार्यान्वयनमा लैजाने आज सार्वजनिक विवरणमा समावेश छ ।रासस

## लागुऔषधसहित विभिन्न स्थानबाट चौध जना पक्राउ



काठमाण्डु । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित चौध जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार बझाङको जयपृथ्वी नगरपालिका-९ चिउरीखानबाट लागुऔषध खैरो हेरोइनसहित दुई जना, रूपन्देहीको कञ्चन गाउँपालिका-५ गरगरेस्थित देउराली टोलबाट दुई जना र कैलालीको धनगढी उपमहानगरपालिका-९ ब्राङ्गा कटानबाट एक जनालाई पक्राउ गरिएको हो ।

यसैगरी, मोरङको कानेपोखरी गाउँपालिका-६ बाट तीन जना, कञ्चनपुरको बेलौरी नगरपालिका-६ बाट दुई जना,झापाको भद्रपुर नगरपालिका-४ डाँगीबारीबाट दुई जना, नवलपरासीपूर्वको विनयी त्रिवेणी गाउँपालिका-२ दुम्कीबास बजारबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने स्पास्मो ८८ ट्याब्लेट र नगद रु आठ हजार ५०० सहित दुई जनालाई पक्राउ गरिएको छ ।

त्यसैगरी, बाँकेको कोहलपुर नगरपालिका-१५ चौधरिया गाउँबाट एक थान डिजिटल तराजुसहित एक जनालाई गएराति प्रहरीले पक्राउ गरिएको हो ।रासस

# ‘सरकारद्वारा सार्वजनिक ऊर्जा क्षेत्रसम्बन्धी कार्ययोजना स्वागतयोग्य’

काठमाण्डु । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) नेपालले नयाँ सरकारद्वारा सार्वजनिक गरिएको ऊर्जा क्षेत्रसम्बन्धी कार्ययोजनाको स्वागत गरेको छ । इप्पानले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै उक्त कार्ययोजना कार्यान्वयन भएसँगै मुलुकको ऊर्जा विकासमा गति लिनुका साथै सकारात्मक नजिता ल्याउनेमा विश्वास व्यक्त गरेको हो । इप्पानमा हाल मुलुकका ५७० भन्दाबढी निजी ऊर्जा कम्पनी आबद्ध रहेका छन् । इप्पानका अनुसार मुलुकको कुल विद्युत् उत्पादन क्षमता करिब चार हजार मेगावाट नाघिसकेको छ । यसमा निजी क्षेत्रको योगदान तीन हजार ३५० मेगावाटभन्दा बढी रहेको इप्पानका अध्यक्ष गणेश कार्कीले जानकारी दिनुभयो ।

साथै निजी क्षेत्रबाट करिब पाँच हजार ७०० मेगावाट क्षमताका आयोजना निर्माणाधीन छन् भने १३ हजार मेगावाट क्षमताका आयोजना विद्युत् खरिद सम्झौता (पिपिए) को प्रतीक्षामा रहेका उहाँले उल्लेख गर्नुभयो । थप १५ हजार मेगावाट क्षमता बराबरका आयोजना सम्भाव्यता अध्यायनको चरणमा रहेका इप्पानले जनाएको छ ।इप्पानका अनुसार हालसम्म निजी क्षेत्रले ऊर्जा क्षेत्रमा करिब रु १३ खर्ब १० अर्ब लगानी गरिसकेको छ । आगामी १० वर्षभित्र थप रु ३० खर्ब बराबरको लगानी गर्ने तयारीमा निजी क्षेत्र रहेका विज्ञप्तिमा जनाइएको छ ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछि गठन भएको नयाँ सरकारले १० वर्षभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । इप्पानका अध्यक्ष कार्कीले दुई तिहाइ नजिकको बहुमतसहित बनेको सरकारको उक्त लक्ष्यले निजी क्षेत्रका लगानीकर्तामा उत्साह थपिएको बताउनुभयो । सरकारले सार्वजनिक गरेको १०० बुँदे कार्ययोजनामा ऊर्जा क्षेत्रलाई आर्थिक



> “विशेषगरी लामो समयदेखि रोकिएका पिपिएहरु अधिकतम १८० दिनभित्र खोल्ने निर्णयलाई इप्पानले सकारात्मक कदमका रुपमा लिएको छ”

रूपान्तरणको मुख्य आधार बनाउने घोषणा गरिएको बताउँदै उहाँले यो स्वागतयोग्य कदम रहेको धारणा राख्नुभयो । “विशेषगरी लामो समयदेखि रोकिएका पिपिएहरू अधिकतम १८० दिनभित्र खोल्ने निर्णयलाई इप्पानले सकारात्मक कदमका रूपमा लिएको छ”, अध्यक्ष कार्कीले भन्नुभयो, “यसबाट पिपिएका लागि आवेदन दिएका आयोजना यथाशीघ्र अगाडि बढ्ने अपेक्षा गरिएको छ ।”

उत्पादनसँगै प्रसारण, वितरण र निर्यात क्षेत्रमा पनि निजी क्षेत्रको सहभागिता विस्तार गर्ने नीति कार्यान्वयन भएमा हाल देखिएका संरचनागत समस्या समाधान हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । ऊर्जा निर्यात रणनीति एक महिनाभित्र तयार गर्ने सरकारी प्रतिबद्धताले ऊर्जा व्यापार विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।इप्पानले नेपाल विद्युत् प्राधिकरणको संरचनात्मक सुधार, औद्योगिक सुरक्षा संयन्त्रको सुदृढीकरण तथा दीर्घकालीन वित्तीय स्रोत व्यवस्थापनका लागि बहुआयामिक लगानी संरचना विकास गर्ने योजनालाई पनि स्वागत गरेको छ ।

इप्पानका महासचिव बलराम खतिवडाले एकद्वार प्रणाली लागू गर्ने सरकारको प्रस्तावले जग्गा अधिग्रहण, रुख कटान, वातावरणीय अध्ययनलगायत प्रक्रियागत जटिलता घटाइ लगानीमैत्री वातावरण सिर्जना हुने विश्वास व्याक्त गर्नुभयो । “इप्पानले कार्ययोजनाको प्रभावकारी कार्यान्वयनलाई सबैभन्दा महत्वपूर्ण पक्षका रूपमा औंल्याउँदै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले निजी क्षेत्रसँग सहकार्य र समन्वय गर्दै अघि बढ्नुपर्नेमा जोड दिएको छ । रासस

# गाइडबन्ड’को परिवर्तित ढाँचा स्वीकृत नहुँदा अलपत्र

काठमाण्डु । दुई वर्षअघि निर्माण सम्पन्न गर्ने योजनासहित कामलाई तीव्रता दिइएको कञ्चनपुरको महाकाली नदीमा चार लेनको पक्की पुल, पहुँच मार्गलगायत संरचना ‘गाइडबन्ड’ को परिवर्तित ढाँचा (डिजाइन) स्वीकृत नहुँदा अलपत्र परेको छ ।

चार लेनको पक्की पुल निर्माण भइरहेका बेला गत वर्ष महाकाली नदीमा आएको बाढीले पुलको गाइडबन्ड (बाँध) भत्काएपछि उक्त संरचना बनाउन ढाँचा परिवर्तन गर्नुपर्ने अवस्था आएको थियो । सोहीअनुसार गाइडबन्डको परिवर्तित ढाँचा स्वीकृत नहुँदा पुल निर्माण अलपत्र परेको हो ।

“पुलको उत्तरतर्फको गाइडबन्ड दुई वर्ष अघि महाकाली नदीले भत्काएर क्षति गरेपछि पुनः डिजाइन भएर गत जेठ र असारमा नेपाली सेनाले अस्थायी रूपमा निर्माण गरेर सम्भावित क्षति हुनबाट जोगिएको हो”, महाकाली पुल आयोजना कार्यालयका प्रमुख नेत्र देवकोटाले भन्नुभयो, “गाइडबन्ड स्थायी निर्माणका लागि ढाँचा परिवर्तन गरी पुनः बनाउने प्रक्रिया अघि बढाएको छौँ, तर हालसम्म उक्त ढाँचा स्वीकृत हुन सकेको छैन ।”

महाकाली नदीको बाढी जोखिम न्यूनीकरणका लागि यसअघिको सरकारले सङ्कटग्रस्त क्षेत्र घोषणा गरी तीन महिनाका लागि गाइडबन्ड निर्माणको जिम्मा



सेनालाई दिएको थियो । “अब गाइडबन्ड परिवर्तनको ढाँचा स्वीकृत भएपछि पुरानै कम्पनीले पुल निर्माणलाई निरन्तरता दिने वा नयाँ ठेक्का आह्वान गर्ने भन्नेमा छलफल गर्नेछौँ”, प्रमुख देवकोटाले भन्नुभयो, “परिवर्तित ढाँचा स्वीकृतका लागि माथिल्लो तहमा पटकपटक ताकेता गर्दै आएका छौँ ।”

सुरुवातमा गाइडबन्ड भएको भागमा २५० किलोभन्दा बढी तौलका ढुङ्गा राखेर निर्माण गर्नेगरी ढाँचा तयार गरिएको थियो । ठूला ढुङ्गा नभेटेर काम प्रभावित भएपछि ढाँचा परिवर्तन गरिएको उहाँले जानकारी दिनुभयो । त्यसपछि बाँधमा पोखरीतर्फ ग्राभेल र नदीतर्फको भागमा कटान रोक्न ‘प्लमकङ्क्रिट’ राख्ने काम भएको उहाँले बताउनुभयो ।

यसैबीच, महाकाली पुल निर्माणको जिम्मा पाएको कुमार श्रेष्ठ सिएफइसी जेभीका इञ्जिनियर किशोर पाण्डेले कम्पनीले स्वीकृत ढाँचासँगै भेरिएसन अर्डर ( पहिले तय गरिएको काम, मूल्य, परिमाण, वा शर्तमा थपघट वा परिवर्तन गर्न जारी गरिने औपचारिक आदेश) का लागि सहयोगको आह्वान गर्दा पनि हालसम्म सुनुवाई नभएपछि आफूहरू ठेक्का तोड्ने प्रक्रियामा गएको बताउनुभयो ।

“भेरिएसन अर्डर स्वीकृति भएर बजेट दिइएको भए अहिलेसम्म पुलको सबै काम सकिन्थ्यो”, इञ्जिनियर पाण्डेले भन्नुभयो, “त्यसका लागि पहल गर्दा पनि नभएपछि ठेक्का तोड्न गत वैशाखमा कानुनी बाटो रोजेका हौं । तोकिएको समयमा काम सक्छौं वातावरण बनाइदिनुस् भन्दा पनि सरोकार भएका निकायबाट सुनुवाई भएको छैन ।”

पुलको दुवैतर्फ निर्माण हुने दुई हजार ६०० मिटर लम्बाइका पोखरीका लागि गाइडबन्ड (बाँध) निर्माण गर्नुपर्ने इञ्जिनियर पाण्डेले जानकारी दिनुभयो । रु तीन अर्ब ६६ करोड लागतमा बनिरहेको पुल विसं २०७४ भदौ दोस्रो साता शिलान्यास गरिएको थियो ।

पुलको दुवैतर्फ बाँध बाधेर पर्यटकीयस्थल हुनेगरी पोखरी निर्माण गरिएको छ भने पसलको उत्तरतर्फ एक वर्गकिलोमिटरभन्दा ठूला दुई वटा पोखरी र दक्षिणतर्फ शून्य दशमलव तीन वर्गकिलोमिटरका दुई वटा पोखरी निर्माण भएका छन् । परिवर्तित ढाँचा स्वीकृतमा ढिलाइ हुँदा गाइडबन्ड र पोखराभित्रका संरचना निर्माण अलपत्र परेका हुन् । रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : नयाँ अवसरहरु अचानक देखा पर्न सक्छन् ।
वृष : हतारमा कुनै निर्णय नगर्नु राम्रो हुन्छ । आर्थिक रुपमा सन्तुलित दिन रहनेछ ।
मिथुन : नयाँ मानिसहरुसंग भेटघाट हुन सक्छ, जसले भविष्यमा फाइदा पुऱ्याउनेछ ।
कर्कट : साना कुरामा चिन्ता नगर्नु राम्रो हुन्छ ।
सिंह : नयाँ योजना बनाउने र कार्यान्वयन गर्ने राम्रो समय छ ।
कन्या : साना सफलता पनि ठुलो उपलब्धि जस्तै महसुस हुनेछ ।
तुला : काम र व्यक्तिगत जीवनमा तालमेल मिलाउनुहोस् ।
वृश्चिक : चुनौतीहरुलाई सजिलै पार गर्न सक्नु हुनेछ ।
धनु : अध्ययन,यात्रावानयाँकामतर्फआकर्षण बढ्नेछ ।
मकर : मेहनत र लगनशीलताले राम्रो परिणाम ल्याउनेछ ।
कुम्भ: साथीसंग सहकार्य लाभदायक हुनेछ ।
मीन: आध्यात्मिक गतिविधिमा मन लाग्नेछ। परिवारबाट सहयोग पाइनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पर्साको जगरनाथपुर गाउँपालिका-३ विजबनियाँका स्थानीयले खाना पकाउनका लागि गाईवस्तुको गोबरबाट तयार पारिएको गुइँठा। खाना पकाउन प्रयोग गरिने गुइँठा गाईवस्तुको गोबरमा भूस,पराल एवं गहुँको छावली मिलाएर बनाइन्छ। *तस्बिरः रासस*

# एमालेले बुझाए विरोध पत्र

**टुडे समाचारदाता**



रौतहट। नेकपा (एमाले) जिल्ला कमिटी रौतहटले पार्टी अध्यक्ष केपी शर्मा ओली र नेता रमेश लेखकको गिरफ्तारीको विरोध गर्दै आइतबार जिल्ला प्रशासन कार्यालयमा विरोधपत्र बुझाएको छ।

केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज अजय कुमार गुप्ताको नेतृत्वमा गौरमा प्रदर्शनपछि पुगेका एमाले कार्यकर्ताले प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालमार्फत सरकारसमक्ष आफ्नो असन्तुष्टि राखेका हुन्।

एमालेले उक्त गिरफ्तारीलाई “गैरकानुनी, पूर्वाग्रही र प्रतिशोधपूर्ण” भन्दै कडा आपत्ति जनाएको छ। पार्टीले २०८२ भदौ २३ गतेको प्रदर्शनका क्रममा भएको जनधनको क्षति तथा त्यससँग सम्बन्धित घटनाहरूको निष्पक्ष छानबिन हुनुपर्ने माग पुनः दोहोर्याएको छ।

भदौ २४ गतेको प्रदर्शनमा घुसपैठ गराएर विध्वंसात्मक गतिविधि गराइएको, सार्वजनिक तथा निजी सम्पत्तिमाथि आक्रमण, लुटपाट र आगजनी गराइएको भन्दै ती घटनाहरूको निष्पक्ष अनुसन्धान अपरिहार्य रहेको एमालेको भनाइ छ।

विरोधपत्रमा सञ्चारमाध्यम र पत्रकारमाथि देशभर असुरक्षा र धम्कीको वातावरण सिर्जना भइरहेको उल्लेख गर्दै गौरीबहादुर कार्की आयोगको प्रतिवेदनप्रति पनि असन्तुष्टि जनाइएको छ। प्रतिवेदनको पर्याप्त अध्ययनबिना मन्त्रिपरिषद्ले प्रतिशोधपूर्ण ढंगले कारबाही अघि बढाएको आरोप एमालेले लगाएको छ।

एमाले रौतहटले लोकतन्त्र, विधिको शासन र कानुनी राज्यको पक्षमा आफूहरू अडिग रहेको उल्लेख गर्दै ओली र लेखकको गिरफ्तारीलाई “राजनीतिक प्रतिशोध”को संज्ञा दिएको छ। यस्ता कदमले देशलाई द्वन्द्वतर्फ धकेल्ने खतरा रहेको चेतावनी समेत दिइएको छ।

पार्टीले तत्काल दुवै नेताको रिहाइको माग गर्दै सरकारलाई संयमता अपनाउन आग्रह गरेको छ। साथै, यस्ता गतिविधिविरुद्ध एकजुट हुन नेता-कार्यकर्ता, समर्थक तथा न्यायप्रेमी नागरिकलाई आह्वान गरिएको छ।

# विषादी प्रयोगमा सावधानी नअपनाउँदा क्यान्सर र मिर्गौला रोगी बढ्दै

पाटन। तरकारी उत्पादनका समयमा गरिने तरकारीमा हुने अत्यधिक विषादी प्रयोगमा सावधानी नअपनाउँदा क्यान्सर र मिर्गौला रोगी बढ्दै गएको भन्दै सरोकारवालाले सचेतता जगाउनुपर्नेमा जोड दिएका छन्।

जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरले आइतबार आयोजना गरेको पोषण प्रवर्द्धनअन्तर्गत विषादी न्यूनीकरणसम्बन्धी समन्वयात्मक बैठकमा धारणा राख्नुहुँदै जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख डा खगेश्वर गेलालले तरकारी उत्पादनका समयमा विषादी प्रयोग गर्दा सचेत नहुँदा क्यान्सर, मिर्गौलालगायतका रोगीको सङ्ख्या दिनानुदिन बढ्दै गएकाले प्रभावकारी रुपमा सचेतना जगाउनु आवश्यक रहेकामा जोड दिनुभयो।“विषादी प्रयोगमा सचेत नहुँदा हरेक जटिल किसिमका रोगको समस्या भएका



धेरै बिरामीका लागि सिफारिस गर्नुपरेको छ, यसको प्रमुख कारण विषादीको अत्यधिक प्रयोग हो, त्यसको असरबाट बच्ने उपाय थाहा नहुँदा समस्या परेको छ”, उहाँले भन्नुभयो।

डा गेलालले पोषण प्रवर्द्धनअन्तर्गत विषादी न्यूनीकरणका लागि स्वास्थ्य क्षेत्रमा परिणाममुखी कार्यका लागि ध्यान दिनुपर्ने भन्दै यसका लागि स्थानीय तहको भूमिकालाई प्रभावकारी बनाइनुपर्छ भन्नुभयो। “उत्पादन बढाउन विषादी प्रयोग गर्नुस्, तर विषादीको प्रयोग र उत्पादित तरकारीको उपयोगमा सुरक्षित हुनुस् भनेर सचेतता जगाउनु आवश्यक छ, विषादीको असर न्यूनीकरण भएपछि मात्रै तरकारीउपयोग गर्नुस् भनेर सचेतना जगाउन ध्यान दिनुपर्छ”, उहाँले भन्नुभयो।सहायक प्रमुख जिल्ला अधिकारी सुप्रभा घिमिरे ढुङ्गेलले धेरै सचेतना जगाउनुपर्ने अवस्था छ भन्दै कृषक, उपभोक्ता र व्यवसायीबीच समन्वय तथा सचेतना जगाउन स्थानीय तहलाई नै बढी ध्यान दिनुपर्छ भन्नेमा जोड दिनुभयो।

“जिल्ला प्रशासन कार्यालयले धेरै विषयमा ध्यान दिनुपर्ने हुँदा प्रभावकारी काम हुन सकिरहेको छैन, विषादीका बारेमा कोरोना महामारीका समयमा नागरिकलाई अलि सचेत गराउन सकिएको थियो, सचेतना जगाउन सबै सरोकारवाला कार्यालयले संयुक्तरूपमा काम गर्नुपर्ने अवस्था छ”, उहाँले भन्नुभयो।सहायक प्रजिअ घिमिरेले विषादीको उपयोग अनुगमनको पक्षलाई बलियो बनाउन स्थानीय तहसँग मिलेर काम गर्नुपर्नेमा जोड दिँदै भोलिको पुस्तालाई सचेत गराउन विद्यालय तहमा गएर सचेतना जगाउन आवश्यक छ भन्नुभयो। उहाँले पूर्वाधार, परीक्षण प्रयोगशाला र शिक्षाका लागि काम गर्ने स्थानीय तहलाई नै प्रभावकारी बनाउनुपर्छ भन्नुभयो।

पोषण प्रवर्द्धन तथा कृषि क्षेत्रमा विषादीको न्यूनीकरणका उपायका बारेमा प्रस्तुतीकरण गर्नुहुँदै कृषि विकास कार्यालय ललितपुरका बाली संरक्षण अधिकृत रितिक्षा पौडेलले विषादीको उपयोग खतरा भएको बताउँदै बीउको उपचार र कीटनाशक कार्यका लागि प्रयोग गरिने विषादीले मानव स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने हुँदा अत्यन्तै सचेत हुनुपर्नेमा जोड दिनुभयो।“नेपालमा १९९० को दशकदेखि नै विषादी उपयोग हुँदै आएको थियो, तराई र उपत्यकामा धेरै विषादी उपयोग हुँदै आएको छ, तरकारी बालीमा धेरै विषादी प्रयोग हुने गरेको तथ्याङ्क छ, नेपाल विश्वमा कम विषादी प्रयोग गर्ने देश भए पनि सुरक्षित प्रयोगमा ध्यान नदिँदा त्यसको असर बढी पर्ने गरेको छ”, उहाँले भन्नुभयो।

नेपालमा शुन्य दशमलव ३९६ किलोग्राम प्रतिहेक्टर विषादी प्रयोग हुने गरेको जानकारी गराउँदै बाली संरक्षण अधिकृत पौडेलले विषादीलाई औषधिका रुपमा परिभाषित गर्दै प्रयोग गर्ने कार्यले समस्या सिर्जना भएको बताउनुभयो।रासस

## सुशासन मार्गचित्रः
# नतिजामुखी बजेट र पारदर्शी कर प्रणालीमा जोड

काठमाण्डु। सरकारले आइतबार सार्वजनिक गरेको ‘सुशासन मार्गचित्र, २०८२’ ले बजेट तथा राजस्व प्रणालीमा व्यापक संरचनागत सुधारको खाका प्रस्तुत गर्दै कर प्रशासनदेखि वित्तीय हस्तान्तरण, बजेट तर्जुमा र पुँजीबजारसम्मका क्षेत्रलाई समेटेर दीर्घकालीन नीतिगत स्थिरता, पारदर्शिता र परिणाममुखी व्यवस्थापनमा जोड दिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको मार्गचित्रले विशेषगरी नागरिक अपेक्षालाई केन्द्रमा राख्दै कर प्रणालीलाई न्यायोचित, प्रगतिशील र पारदर्शी बनाउने आवश्यकता औंल्याएको छ भने बजेट प्रणालीलाई खुला, उत्तरदायी र नतिजामुखी बनाउनुपर्नेमा जोड दिएको छ। मार्गचित्रमा नागरिकका करसम्बन्धी अपेक्षालाई विस्तृत रूपमा उल्लेख गर्दै भनिएको छ, “आय र क्षमताअनुसार कर लगाइने न्यायोचित र प्रगतिशील कर प्रणाली विकास गरिनुपर्छ, जसले न्यून आय भएका समूहलाई संरक्षण गर्दै उच्च आय समूहबाट उचित योगदान सुनिश्चित गर्छ। उठेको राजस्व कहाँ र कसरी खर्च भयो भन्ने स्पष्ट जानकारी नागरिकलाई सहज रूपमा उपलब्ध गराइनुपर्छ र बजेट तथा खर्च विवरण सार्वजनिक र पहुँचयोग्य बनाइनुपर्छ।”

यस्तै, कर प्रशासनलाई सरल, ‘डिजिटल’ र झन्झटरहित बनाउनेतर्फ पनि मार्गचित्रले जोड दिएको छ। “कर दर्ता, फाइलिङ र भुक्तानी प्रक्रिया पूर्ण रूपमा सरल र डिजिटल बनाइनुपर्छ, अनावश्यक कागजी प्रक्रिया हटाइनुपर्छ र करदाताले लाइन बस्नुपर्ने अवस्था अन्त्य गरिनुपर्छ”, करदर र नीतिमा स्थायित्व कायम राख्नुपर्ने आवश्यकता औँल्याउँदै मार्गचित्रमा भनिएको छ, “बारम्बार करदर परिवर्तन नगरी नीतिगत स्थिरता कायम गरिनुपर्छ, जसले दीर्घकालीन योजना बनाउन सक्ने वातावरण सिर्जना गर्छ।”

यसैगरी करको समान र निष्पक्ष कार्यान्वयन सुनिश्चित गर्न राजनीतिक प्रभावका आधारमा छुट वा दर हेरफेर रोक्नुपर्ने उल्लेख गरिएको छ। भ्रष्टाचार नियन्त्रणलाई केन्द्रमा राख्दै मार्गचित्रले कर निर्धारण र सङ्कलनमा घुस तथा मिलेमतो अन्त्य गरिनुपर्ने, आन्तरिक नियन्त्रण प्रणाली र ‘डिजिटल ट्र्याकिङ’ सुदृढ गरिनुपर्नेलगायत सिफारिस गरिएको छ।

त्यस्तै, सेवामुखी कर प्रशासनको अवधारणालाई अघि सार्दै दस्तावेजमा कर कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन, गुनासो छिटो समाधान गर्ने संयन्त्र विकास गर्न तथा करदाताको अधिकार संरक्षण सुनिश्चित गर्नुपर्ने उल्लेख छ। “कर निर्धारणमा पुनरावलोकनको अधिकार सुनिश्चित गरिनुपर्छ र अनुचित जरिवाना वा उत्पीडनबाट करदातालाई संरक्षण गरिनुपर्छ”, मार्गचित्रमा भनिएको छ।





> “बजेट निर्माण, विनियोजन र खर्चको स्पष्ट जानकारी सार्वजनिक गरिनुपर्छ। शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारजस्ता आधारभूत क्षेत्रमा पर्याप्त लगानी हुनुपर्छ। सीमित क्षेत्र वा प्रभावशाली व्यक्तिको प्रभावमा बजेट मुक्त हुनुपर्छ”

यस्तै, सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय अभावका कारण देखिने दोहोरो कर प्रणाली अन्त्य गर्न स्पष्ट अधिकार क्षेत्र निर्धारण गर्नुपर्नेमा जोड दिइएको छ। बजेट प्रणालीतर्फ मार्गचित्रले पारदर्शी र खुला प्रक्रिया, आवश्यकतामा आधारित प्राथमिकता र समावेशी वितरणको आवश्यकता औंल्याएको छ। “बजेट निर्माण, विनियोजन र खर्चको स्पष्ट जानकारी सार्वजनिक गरिनुपर्छ। शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारजस्ता आधारभूत क्षेत्रमा पर्याप्त लगानी हुनुपर्छ। सीमित क्षेत्र वा प्रभावशाली व्यक्तिको प्रभावमा बजेट मुक्त हुनुपर्छ”, मार्गचित्रमा उल्लेख छ।

यसैगरी बजेट खर्चलाई परिणाममुखी बनाउनुपर्ने आवश्यकता औँल्याउँदै मार्गचित्रमा भनिएको छ, “रकम खर्च हुनु मात्र पर्याप्त होइन, त्यसले ठोस उपलब्धि र सेवा सुधार देखिनुपर्छ। असारमा खर्च गर्ने प्रवृत्ति अन्त्य गरी समयमै कार्यान्वयन सुनिश्चित गरिनुपर्छ।”

तीन तहका सरकारबीच समन्वय अभावका कारण दोहोरो कार्यक्रम र स्रोत दोहोरिने समस्या समाधान गर्न साझा परियोजना बैङ्क स्थापना गर्ने तथा समन्वित बजेट प्रणाली विकास गर्ने सुझाव पनि दिइएको छ। नागरिक सहभागितालाई संस्थागत गर्दै बजेट तर्जुमा प्रक्रिया मन्त्री वा उच्चपदस्थको खल्तीबाट नभई नागरिकको सुझाव समावेश गरी सञ्चालन गरिनुपर्ने उल्लेख छ।

सुधारका लागि प्रस्तुत सुझावहरूमा अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई केवल स्रोत वितरण नभई क्षेत्रीय असमानता घटाउने रणनीतिक साधनका रूपमा रूपान्तरण गर्नुपर्ने उल्लेख छ। “खुला बजेट पोर्टलमार्फत वास्तविक समय (रियल टाइम) मा विनियोजन र खर्च विवरण सार्वजनिक गरिनुपर्छ, तथ्याङ्कमा आधारित प्राथमिकता निर्धारण गरिनुपर्छ र परिणाममा आधारित बजेट प्रणाली लागू गरिनुपर्छ”, मार्गचित्रमा उल्लेख छ।

राजस्व प्रशासन सुधारतर्फ मार्गचित्रले पूर्ण डिजिटल प्रणाली, अन्तरआबद्ध सूचना प्रविधि संरचना र जोखिममा आधारित कर परीक्षण प्रणाली विकासमा जोड दिएको छ। “ई-दर्ता, ई-फाइलिङ, ई-पेमेन्ट र ई-इनभ्वाइसिङ प्रणालीको पूर्ण कार्यान्वयन गरिनुपर्छ, कृत्रिम बौद्धिकता प्रयोग गरी कर छली नियन्त्रण गर्नुपर्छ,” दस्तावेजमा भनिएको छ।

यस्तै, कर प्रशासनमा ‘फेसलेस अडिट’ प्रणाली लागू गरी करदाता र कर्मचारीबीच प्रत्यक्ष सम्पर्क न्यून गर्ने तथा भ्रष्टाचार नियन्त्रणलाई संस्थागत गर्नुपर्ने सुझाव दिइएको छ। गैरकर राजस्वतर्फ मार्गचित्रले सेवा शुल्क, रोयल्टी र प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त आम्दानीको दायरा विस्तार गर्न, सार्वजनिक सम्पत्तिको प्रभावकारी उपयोग गर्न तथा सबै आम्दानीलाई सञ्चित कोषमा अनिवार्य दाखिला गर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने उल्लेख गरिएको छ। साथै, कम प्रतिफल दिने सार्वजनिक संस्थानको पुनर्संरचना र व्यावसायिक व्यवस्थापन आवश्यक रहेको औँल्याइएको छ।

भन्सार प्रशासन सुधारका लागि पूर्ण डिजिटल, कागजविहीन र ‘फेसलेस’ प्रणाली लागू गर्न, जोखिममा आधारित जाँच प्रणाली विकास गर्न तथा आधुनिक प्रविधिको प्रयोग बढाउनुपर्ने सुझाव मार्गचित्रले दिएको छ। रासस

# सातमहिनामा वीरगञ्जबाट ६६ अर्ब ४८ करोडको निर्यात

वीरगञ्ज। वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रू ६६ अर्ब ४८ करोड मूल्य बराबरका सामान निर्यात भएको छ। गत आवको सोही अवधिका तुलनामा चालु आवको सोही अवधिमा भने यो नाकाबाट रु नौ अर्ब ९४ करोड बढीको निर्यात भएको छ। गत आवको सात महिनामा भने रू ५६ अर्ब ५४ करोड मूल्य बराबरका वस्तु तथा समान विदेशी मुलुक निर्यात भएको थियो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा यो नाका हुँदै हुने निर्यातमा सुधारोन्मुख रहेको बताउनुभयो। चालु आवको सात महिनामा रु ३५ अर्ब ५८ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको छ। रू चार अर्ब ९७ करोड मूल्य पर्ने फलफूलको जस निर्यात भएको छ। रू चार अर्ब ५८ करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ। रू तीन अर्ब ७७ करोड मूल्य पर्ने प्रशोधित पाम तेल निर्यात भएको छ भने रू दुई अर्ब ३३ करोड मूल्य पर्ने विभिन्न किसिमका कपडा निर्यात भएको छ। रू एक अर्ब ५८ करोड मूल्य पर्ने सिन्थेटिक थार्न निर्यात भएको छ। रासस


**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Irrigation and Water Resources Management Project**
**Janakpur, Dhanusha**

**Amendment to the Invitation for Bids Notice**

**(Date of Publication 2082/12/16)**

This is to notify all concerned bidders that the Invitation for Bids notice published on 5th page of Janakpur Today national daily newspaper dated 2082/12/12, the bid security amount for contract number IWRMP/Dhanusha/Kamala/RTW-23/2082-083 was amended to Rs. 2,91,000 in stead of Rs. 1,91,000.

**Project Chief**



**भुमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट**

**मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना**

तपसिलको जग्गाको मोही लक्षुमण झा बाबा को नाम भगुवा मोही लगत कटा गरी पाउँ भनी कार्यवाही क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई भगुवा मोही लगत कटा गर्न नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानुन व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

**तपसिल**

| ज.ध. को नाम | जिल्ला | गा.वि.स | वडा न | किता न | क्षेत्रफल |
|---|---|---|---|---|---|
| सुकदेव राय यादव | रौतहट | माधोपुर | ७ | १००/५१५ | ०-०-१५ |

भगुवा मोही लक्षुमण झा बाबा माधोपुर वार्ड न १



**श्री माध्यमिक (०-१२) विद्यालय भरतपुर**
**गणेशमान चारनाथ नगरपालिका-३, भरतपुर, धनुषा**

**शिक्षक आवश्यकता सम्बन्धि सूचना**


प्रस्तुत विषयमा गणेशमान चारनाथ नगरपालिका, बिरेन्द्रबजार, धनुषाको च.नं. १२३५ मिति २०८२/१२/०६ गते तथा शिक्षा विकास तथा समन्वय इकाइ, धनुषाको च.नं. १४३९ मिति २०८२/१२/०९ गतेको प्राप्त पत्र अनुसार शिक्षक भर्ना अनुमतिका लागि यस विद्यालयमा रिक्त रहेको राहत दरबन्दी कोटामा वि.व्य.स.को मिति २०८२/१२/१२ गतेको बैठकका निर्णय अनुसार तपसिल बमोजिमको विषयमा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन पेश गर्न पहिलो पटक विज्ञापन प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुमा सहर्ष जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | विषय | नियुक्ति | पद संख्या | तह | शैक्षिक योग्यता | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०१/०८२/८३ | नेपाली | करार/राहत दरबन्दी | १ | माध्यमिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुन पर्ने | १,५००।- | |
| २. | ०२/०८२/८३ | अर्थशास्त्र | करार/राहत दरबन्दी | १ | माध्यमिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुन पर्ने | १,५००।- | |
| ३. | ०३/०८२/८३ | | करार/राहत दरबन्दी | १ | प्राथमिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १०+२ उत्तीर्ण गरेको वा सो सरह उत्तीर्ण गरेको | १,०००।- | |

**शर्त तथा आवश्यक योग्यताहरुः**

१. शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९७ र शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित) को नियम ९ बमोजिम योग्य भएको हुनु पर्ने।
२. शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित) को नियम १० बमोजिम अयोग्य नभएको।
३. **तलब सुविधाः** वि.नं. ०१, ०२, ०३ को प्रचलित कानुन अनुसार हुने।
४. **दरखास्त दिने अन्तिम मिति** : २०८२/१२/३० गते सोमबार ४:०० बजेभित्र।
५. **दरखास्त फारम पाउने तथा पेश गर्नु स्थान** : श्री माध्यमिक विद्यालय विद्यालय भरतपुर, ग.चा.न.पा.-३, धनुषा।
६. विज्ञापन सम्बन्धित सम्पूर्ण अधिकार विद्यालयको शिक्षक छनौट समितिमा हुनेछ।
७. **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता (आवश्यक परेमा कक्षा अवलोकन समेत हुने।)
८. **दरखास्त फारमका साथ पेश गर्नु आवश्यक कागजातहरुः**
   क) नेपाली नागरिकता, शैक्षिक योग्यता (SEE/SLC देखिको चरित्र तथा लब्धाङ्क) प्रमाणपत्र सम्बन्धित तह वा सो भन्दा माथिल्लो तहको स्थायी अध्यापन अनुमति पत्रको उम्मेदवार आफैले प्रमाणित गरेको प्रतिलिपि, परीक्षा दस्तुर नेपाल बैंक लि.जनकपुर च.हि.नं. ००८००१००४६४३४००००००१ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने।
९. दरखास्त फारम दर्ता गरिएका उम्मेदवारहरुको नामावली प्रकाशन गरिने मिति : २०८३/०१/०३ गते विहान ११:०० बजे
१०. **सम्पर्क मिति** : २०८३/०१/०३ गते बिहिवार दिउँसो २:०० बजे।
११. **परीक्षाको मिति** : सम्पर्क मितिमा तोकिनेछ।
१२. माथिल्लो योग्यता भएको र अध्यापन सम्बन्धि अनुभव भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ।
१३. शिक्षक सेवा आयोगको सम्बन्धित तहको पछिल्लो करार सूचीको प्रमाणित उम्मेदवारको हकमा करार योग्यता क्रमानुसार छनौट गरिनेछ।
१४. **सम्पर्क नं.** : प्र.अ. ९८५४०२१०४७, स.प्र.अ.९८१५८९१७९०, लेखा ९८६१४७४२१३

**प्रधानाध्यापक**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सरकारप्रति बढ्दो भरोसा

बालेन नेतृत्वको सरकार एक्सनमा देखिएको छ । जेन- जी आन्दोलनको छानबिन आयोगले दिएको प्रतिवेदनलाई कार्यान्वयन गर्ने क्रममा नेकपा एमालेका अध्यक्ष समेत रहेका पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेको छ । आयोगले उनीहरुलाई फौजदारी अभियोगमा कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ । आयोगले गरेको सिफारिसलाई दुई भागमा विभाजन गरेको छ । सुरक्षाकर्मीहरुको विषयमा थप अनुसन्धान गर्ने र अन्यको हकमा आयोगले गरेको सिफारिस अनुसार कारबाही गर्ने सरकारले निर्णय लिएको छ । सरकारले आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने क्रममा ओली र लेखकलाई पक्राउ गरिएको बताएको छ । त्यस अतिरिक्त नेपाली कांग्रेसका निवर्तमान सभापति समेत रहेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष समेत रहेका पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीमाथि सम्पत्ति शुद्धीकरणको मुद्दा चलाएको छ । सरकारले शासकीय सुधारको कार्यसुची समेत सार्वजनिक गरेको छ । त्यसमा एक सय बुँदामा सरकारले प्राथमिकतामा राखेको कार्यक्रमहरुलाई समेटेको छ । सरकारले पहिलो चरणमा सार्वजनिक गरेको कार्यक्रमहरु सोझै जनभावनासित जोडिएका छन् । चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले घोषणा गरेको प्रतिबद्धतालाई कार्यान्वयन गरेसंगै जनताले सरकारप्रति सहानुभूति देखाउन थालेका छन् । देशमा पुराना दलका नेताहरुको क्रियाकलापबाट दुखित भएका जनसमुदाय अहिले बालेन सरकारको कार्यशैलीप्रति खुशी व्यक्त गर्न थालेका छन् । नेकपा एमालेले सरकार विरुद्ध शुरु गरेको बिरोध प्रर्दशन प्रभावकारी बन्न सकेको छैन । एमालेका अध्यक्ष ओलीलाई पक्राउ गरेपछि देशमा हुन सक्ने विरोधको आँकलन पनि सरकारले पहिले नै गरिसकेका थिए । एक्सनमा उत्रेका सरकारले देशमा शान्ति सुरक्षाको व्यवस्थालाई समेत सुदृढ बनाएको छ । प्रतिनिधि सभाको चुनावमा जनसमर्थन प्राप्त गर्न नसकेको पुराना दलका नेताहरुको फेहरिस्त सरकारले खोल्ने अठोटका साथ अगाडि बढेको छ । सरकारको कारबाहीलाई कतिपयले पूर्वाग्रही भनेको छ । तर समग्रमा सरकारको कारबाहीप्रति जनसमर्थन बढेको छ । पुराना तीन दलका नेताहरु उपर थालिएको कारबाही आवश्यक रहेको अधिकांशको धारणा छ । टिम बालेनले देशमा व्याप्त बेथितिहरुलाई हटाउन दृढतापूर्वक अगाडि बढेको छ । सरकारको असल कार्यलाई जनताले समर्थन गर्न थालेको छ । आगामी दिनमा सरकारले सेवाग्राहीलाई चुस्तदुरुस्त सेवा प्रदान गर्ने बताएको छ । सेवाग्रहीलाई कुनै पनि निहुँमा फिर्ता पठाउने, समयमा काम नगरि अनुचित लाभ लिने जस्ता कार्यहरु गर्नेलाई अब कडा कारबाही हुने निश्चित छ । सरकारी सेवालाई पारदर्शी र छरितो बनाउन सके सरकारप्रति जनविश्वास बढ्ने छ । जनताले मतदान मार्फत टिम बालेनप्रति व्यक्त गरेको विश्वासलाई सरकारले डगमगाउन नदिने देखिएको छ । सरकारले अझै धेरै कार्य गर्न बाँकी छ । प्रारम्भ गरिएको साहसिक कार्यका लागि सरकारलाई बधाई ।

# मेरो सम्झनामा मथुरा काका



राम भरत साह

नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहास केवल घटनाक्रमहरूको सूची मात्र होइन, त्यो त्याग, संघर्ष, निष्ठा र आदर्शले बनेको एउटा जीवित दस्तावेज हो। यस दस्तावेजका कतिपय पात्रहरू इतिहासका पानामा सुवर्ण अक्षरले लेखिएका छन् भने कतिपय त्यस्ता महान् व्यक्तित्वहरू पनि छन्, जसको योगदान अतुलनीय हुँदाहुँदै पनि उनीहरू ओझेलमै परेका छन्। यस्तै ओझेलमा परेका तर असाधारण योगदान दिएका एक अद्वितीय योद्धा हुन्—मथुरा प्रसाद उपाध्याय, जसलाई हामी सबै प्रेमपूर्वक "मथुरा काका" भनेर सम्झन्छौं।

मथुरा काकाको जीवन केवल एक व्यक्तिको जीवनकथा होइन, त्यो सम्पूर्ण नेपाली लोकतान्त्रिक आन्दोलनको ऐना हो। निरंकुश राणा शासनको विरुद्धबाट सुरु भएको वहाँको संघर्ष पञ्चायती व्यवस्थाको अन्त्य हुँदै २०४६ सालको ऐतिहासिक जनआन्दोलनसम्म निरन्तर रूपमा चलिरह्यो। यस्तो निरन्तरता, यस्तो अडिगता र यस्तो समर्पण विरलै देख्न पाइन्छ। त्यसैले त मथुरा काका केवल एक व्यक्ति नभई एउटा विचार, एउटा प्रेरणा र एउटा मार्गदर्शकका रूपमा स्थापित हुनुभएको छ।

वि.स. १९८५ साल भाद्र ५ गते महोत्तरी जिल्लाको मनरा गाउँमा एक सामान्य जमिनदार परिवारमा जन्मनुभएका मथुरा काकाले आफ्नो जीवनको प्रारम्भिक चरणदेखि नै अन्याय, अत्याचार र असमानताको विरुद्धमा आवाज उठाउन सिक्नुभएको थियो। पिता टंकनाथ उपाध्यायको परिवारमा जन्मिए पनि उहाँको सोच परम्परागत सीमाभन्दा धेरै अगाडि थियो। समाजमा व्याप्त विभेद, शोषण र अन्यायले उहाँको मनलाई सधैं उद्वेलित बनाइरहन्थ्यो।

उहाँको व्यक्तित्व सादा जीवन र उच्च विचारको अनुपम उदाहरण थियो। पातलो, अग्लो, गहुँगोरो शरीर, हातमा लठ्ठी वा छाता, अनुहारमा शान्त मुस्कान र आँखामा दृढ संकल्प—यिनै विशेषताहरूले उहाँलाई छुट्टै पहिचान दिन्थ्यो। उहाँलाई नजिकबाट चिन्न पाउने अवसर पाउनु मेरो जीवनको एउटा महत्वपूर्ण उपलब्धि हो। म हाई स्कुलमा पढ्दादेखि उहाँको नाम सुनेको थिएँ, तर वास्तविक रूपमा उहाँको सानिध्यमा आएर उहाँलाई बुझ्ने अवसर भने मैले मैट्रिक पास गरेपछि मात्र पाएँ।

जनकपुरधामको लक्ष्मण अखाडा टोलमा बसोबास गर्नुहुने मथुरा काका दिनहुँ जानकी मन्दिर र राम मन्दिर दर्शन गरेर फर्किनुहुन्थ्यो। फर्कने क्रममा मेरो घरअगाडि केही समय उभिएर "ए भरत!" भनेर बोलाउनु उहाँको दैनिक बानी जस्तै थियो। त्यो सामान्य सम्बोधन मात्र थिएन, त्यो स्नेह, विश्वास र आत्मीयताको प्रतीक थियो। उहाँसँग भएका ती छोटा भेटघाटहरू मेरा लागि कुनै विद्यालयभन्दा कम थिएनन्। लोकतन्त्र, राजनीति, समाजसेवा र संस्कृतिका बारेमा उहाँले दिनुहुने विचारहरूले मलाई गहिरो रूपमा प्रभावित पारे।

मथुरा काका केवल राजनीतिक व्यक्तित्व मात्र होइन, उहाँ समाजसेवी, संस्कृतिप्रेमी र शिक्षाप्रेमी पनि हुनुहुन्थ्यो। जनकपुरका मठ-मन्दिर, गुठी, पाटी-पौवा, ताल-तलैया र पोखरीहरूको संरक्षणमा उहाँले खेलेको भूमिका अतुलनीय छ। "धार्मिक कार्य संरक्षण तथा विकास संस्था" गठन गरेर उहाँले धार्मिक र सांस्कृतिक सम्पदाको संरक्षणमा संस्थागत पहल गर्नुभएको थियो।

राम मन्दिरको जीर्णोद्धार, गुठी सम्पत्तिको संरक्षण, ऐतिहासिक पोखरीहरूको अतिक्रमण हटाउने अभियान—यी सबै कार्यहरू उहाँको सक्रिय नेतृत्वमा सम्पन्न भएका थिए। उहाँले गठन गर्नुभएको संस्थामा सचिमा रामनरेश साह (बिल्टु ) महा सचिबमा श्यामकिशोर मल्लिक, उप सभापति जयनाथ साह, पं. शियाराम झा , सल्लाहाकारमा राम चन्द्र साह लगायतका व्यक्तिहरूको सहभागिता थियो, जसले सामूहिक रूपमा जनकपुरको सांस्कृतिक धरोहर जोगाउने अभियानलाई सशक्त बनाए।




शिक्षा क्षेत्रमा पनि उहाँको योगदान उत्तिकै उल्लेखनीय छ। २०४६ सालको आन्दोलनपछि उहाँले जानकीनगरमा श्री रामजानकी विद्यालय र लक्ष्मण अखाडामा जनता प्राथमिक विद्यालय सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। उहाँको विश्वास थियो—"शिक्षा बिना लोकतन्त्र बलियो हुन सक्दैन।"

राजनीतिक जीवनको कुरा गर्दा, वि.स. २००३ सालमा नेपाली कांग्रेसको सदस्यता लिएपछि उहाँले जीवनको अन्तिम क्षणसम्म पार्टी र लोकतन्त्रप्रति आफ्नो निष्ठा कायम राख्नुभयो। उहाँले कहिल्यै पद, प्रतिष्ठा वा व्यक्तिगत लाभको अपेक्षा गर्नुभएन। "काम गर, फलको आशा नगर" भन्ने गीता वचनलाई उहाँले आफ्नो जीवनमा व्यवहारमा उतार्नुभयो।

नेपाली कांग्रेस जनकपुर नगर समितिको अध्यक्षका रूपमा २०२८ देखि २०३९ सालसम्म उहाँले सफलतापूर्वक नेतृत्व गर्नुभयो। २००७ सालको राणा विरोधी आन्दोलनदेखि २०११ सालको सत्याग्रह, २०१४ सालको अवज्ञा आन्दोलन, २०१५ सालको निर्वाचन, २०१७ सालको सैनिक कू पश्चातको संघर्ष, पटना सम्मेलन, सुरसण्ड क्याम्प सञ्चालन, २०३६ सालको जनमत संग्रह, २०४२ सालको सत्याग्रह र २०४६ सालको जनआन्दोलन—यी सबै आन्दोलनहरूमा उहाँको सक्रिय सहभागिता रह्यो।

सात वर्षभन्दा बढी निर्वासन, जेल-नेल, यातना र आर्थिक अभाव—यी सबै कठिनाइहरूका बाबजुद उहाँ कहिल्यै विचलित हुनुभएन। उहाँका लागि लोकतन्त्र केवल राजनीतिक व्यवस्था थिएन, त्यो जीवनको उद्देश्य थियो।

उहाँले कृष्णप्रसाद भट्टराई, महेन्द्रनारायण निधि, सुवर्णशमशेर लगायतका थुप्रै शीर्ष नेताहरूसँग मिलेर काम गर्नुभयो। सयौं कार्यकर्ताहरूको साथमा उहाँले लोकतन्त्रका लागि संघर्ष गर्नुभयो। उहाँको नेतृत्व, इमानदारी र समर्पणले उहाँलाई सबैको प्रिय बनाएको थियो।

वि.स. २०५३ साल चैत १६ गते उहाँले यस संसारलाई विदा दिनुभयो। तर उहाँको विचार, योगदान र प्रेरणा आज पनि जीवित छ। उहाँको निधनले एउटा व्यक्तिको मात्र होइन, एउटा युगको अन्त्य भएको अनुभूति हुन्छ।

आजको पुस्ताले मथुरा काकाजस्ता व्यक्तित्वबाट धेरै कुरा सिक्नुपर्ने आवश्यकता छ। राजनीति केवल सत्ता प्राप्तिको माध्यम होइन, त्यो समाज परिवर्तनको साधन हो भन्ने कुरा उहाँले आफ्नो जीवनबाट प्रमाणित गर्नुभयो।

म आज जहाँ छु, जुन सोच र दृष्टिकोण लिएर अगाडि बढिरहेको छु, त्यसमा मथुरा काकाको प्रेरणाको ठूलो भूमिका छ। उहाँजस्ता व्यक्तित्वहरू इतिहासका पानामा मात्र सीमित हुनुहुँदैन, उनीहरूलाई हाम्रो चेतना र व्यवहारमा पनि जीवित राख्नुपर्छ।

अन्ततः, मथुरा प्रसाद उपाध्यायजस्ता महान् क्रान्तिकारी योद्धालाई शब्दमा व्यक्त गर्नु अत्यन्त कठिन छ। उहाँप्रति जति श्रद्धाञ्जली अर्पण गरे पनि कमै हुन्छ। उहाँको योगदानलाई सम्झिँदै, उहाँको आदर्शलाई आत्मसात् गर्दै र उहाँको बाटोमा हिँड्ने प्रण गर्दै, म उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

सत्-सत् नमन, मथुरा काका।

# आजको संकट बालेनको अग्निपरीक्षा हो



इन्दिरा प्रसाई

दलहरूले मिलीजुली मासु र रगत चुसिसकेर प्राण मात्र येनकेन धानिरहेको अवस्थामा आजको नेपाल छ । हुन त सास रहुन्जेल आस रहन्छ नै ! संसारका अविकसित अवस्थामा रहेका कतिपय राष्ट्रहरू हाम्रो नेपालभन्दा पनि तन्नम अवस्था थिए । पछिल्लो समयमा दूरदर्शी, निःस्वार्थी, राष्ट्रवादी र सक्षम नेतृत्वले गर्दा ती देशहरू सफल राष्ट्रमा परिणत भएका उदाहरण छँदै छन् । सम्भावना र स्रोत प्रचुर भएको हाम्रो देश नेपालमा पनि नेतृत्व मात्र गतिलो भएमा हाम्रो देश पनि त्यस्तै सफल र समृद्धिशाली बन्ने सपना पनि बिपनामा परिणत गराउन सकिने थियो । तर खोइ ! दलबलले देश भनेको लुटेर खाने ठाउँ हो भन्ने भाष्य निर्माण गरिरहे ।

३५-३६ वर्षसम्म पनि त्यो बेहोरा देशले खेपी नै रह्यो । अनि साढे तीन दशकअघिको चैतदेखि २०८२ सालको चैतसम्ममा नेपाली जनता नेतागणदेखि चुर भइसकेको जोड घटाउले बालेन शाह जनसिंहासनमा आरोहण भएका छन् । नेताहरू भ्रष्ट, देशमारा र जनमारा भएकाले उनीहरू जनताबाटै पाखा लागेका हुँदै हुन् । त्यसैले देशको चौतर्फी विकास र जनकल्याणको जिम्मा नवयुवक बालेनले पाएका छन् । यो बेला भनेको सिंहदरबारमा प्रधानमन्त्रीको लहरमा बालेनको फोटो टाँस्ने मात्र कुरा हुँदै होइन ।

आजको यो संकटको घडी भनेको बालेनका लागि अग्नि परीक्षा नै हो । त्यसैले अब देशले युगयुगसम्म महामानवका रूपमा पूजा गरिने, नेपाली जनताको सास-सास र धड्कन-धड्कनमा बाँच्ने देवस्वरूप प्रधानमन्त्री बालेन बन्नेछन् वा प्रत्येक नेपालीको सास-सास र रगतको आँसुबाट निस्कने श्राप र केवल श्रापको भागीदार नराधम बालेन नै बन्ने छन् ? यसमध्ये एउटा पथ बालेनले रोज्ने बेला यही हो ।

हाम्रो देश नेपालमा भर्खरै प्रधानमन्त्री भएका ३५ वर्षे बालेनसँग सम्भावना प्रचुर देखिन्छ भने उनका लागि चुनौती पनि जटिल छ । यद्यपि बालेन युवा छन्, युगानुकुल प्रविधिका ज्ञाता र प्राविधिक विशेषज्ञ पनि छन् ।

बालेनको सानो असावधानी वा गैरजिम्मेवारीपनले पनि ठूलो राष्ट्रघात हुनसक्छ । सबै कुरा सहन सकिन्छ तर हाम्रो राष्ट्रमाथिको घात सहन सकिँदैन । यदि बालेन परजीवी नभई जनजीवी भए भने नेपाली जनता सधैँ बालेनका साथमा हुनेछन् । तर उनले राष्ट्रघात गरे भने र उनी जनघाती भए भने जनताले बालेनलाई पनि धुलो नै चटाउने छन् ।

व्यक्तिगत रूपमा भन्नुपर्दा बालेनलाई मैले शङ्कास्पद व्यक्तिका रूपमा नियाल्दै आएकी थिएँ । तर बालेनले ०८२ चैत १३ गते रामनवमीको पवित्र दिनमा सनातनी धर्म संस्कृतिलाई अपनाएर आफ्नो शपथ ग्रहण गराएकोमा र एक जना सनातनी भएका नाताले म पनि अब बालेनको सानोतिनो समर्थक बन्न पुगेँ । त्यसो त बालेनले महानगरपालिकाको मेयर हुँदा नै लथालिङ्ग भइसकेका काठमाडौँका प्राचीन मठमन्दिर जीर्णोद्धार गरेर सनातनप्रतिको आफ्नो प्रगाढ धार्मिक आस्था प्रकट गरिसकेका हुँदै हुन् ।

कुनै पनि देशका हरेक नागरिक प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिसँग गाँसिएकै हुन्छन् । सोही अनुरूप जीवनको प्रारम्भिक अवस्थामा म नेपाली काँग्रेसमा सम्बद्ध थिएँ । ०४६ सालपछि नेपाली काँग्रेसमा पनि व्यक्तिवादी चिन्तन हाबी भएको देखेर म श्री ५ कै नेतृत्वको पछि लागेँ । त्यसपछि मैले 'माल्दाइलाई चिठी' कविता संग्रह नै लेखेकी हुँ । तर कविताको भाका भएरै हो कि ! राजदरबारबाट पनि नेपाली जनताले चाहेजस्तो खासै हुन सकेन । अन्ततः हाम्रो आस्थाको केन्द्र राजसंस्थालाई पनि दलहरू मिलेर बढारे ।

'धीपधीप' नाउँ गरेको मेरो राष्ट्रवादी कविताहरूको संग्रहमा पनि 'राष्ट्रका लागि राजनीति भनेको व्यक्तिको मेरूदण्ड झैँ हुनेरहेछ । राजनीतिमा रोग लागेकाले देश रोगी' भएको लेखेकी थिएँ । तर दलबलले जनताप्रति गैरिजिम्मेवारी र राजालाई नै पनि चारैतिरको छेकबार गरेपछि के लाग्छ र ! त्यसैले अहिले तिनै दलबललाई जनताले कठोर दण्ड दिएका हुन् । नेपालको राजनीतिमा अप्रत्याशित रूपले बालेनको प्रवेश भएको छ। उनको उत्साहजनक उपस्थितिले संसारभरिका ओइलाएका सबै नेपाली मनहरूमा घाम लागेको छ र मैले पनि सोही अनुभूत गरेकी छु ।

हुन त, दलहरूले तिसौँ वर्षसम्म दसैऔँला घिउमा डुबाएको काठमाडौँ महानगरपालिकाको मेयरका रूपमा काठमाडौँका जनताले निर्दलीय बालेनलाई चुनेकै थिए । बालेनको दिग्विजयको त्यो चमत्कारिक दृश्यले संसारलाई चकितै पारेको थियो । झन् यतिबेला बालेनलाई नेपाली जनताले सम्पूर्ण देश र जनताको भविष्यको जटिल र बृहत्तर जिम्मेवारी नै बोकाएका छन् । यो बेहोरा बालेनका लागि भाग्य हो या अभाग हो भन्ने बेहोराको निष्कर्ष हेर्न जनता नै आतुर छन् । बालेनको सानो असावधानी वा गैरजिम्मेवारीपनले पनि ठूलो राष्ट्रघात हुनसक्छ । सबै कुरा सहन सकिन्छ तर हाम्रो राष्ट्रमाथिको घात सहन सकिँदैन । यदि बालेन परजीवी नभई जनजीवी भए भने नेपाली जनता सधैँ बालेनका साथमा हुनेछन् । तर उनले राष्ट्रघात गरे भने र उनी जनघाती भए भने जनताले बालेनलाई पनि धुलो नै चटाउने छन् । शायद त्यतिले मात्र पनि उनीप्रति नसियत नपुग्न सक्छ । किनभने प्रायः सारा जनताले बालेनलाई मन, वचन र कर्मले सिंहासनमा राखिदिएका छन् । नेपालको इतिहासमा त्यस्तो भाग्यमानी मान्छे एक मात्र बालेन देखा परेका छन् । संसारमा कहिल्यै पराधीन नभएको देशको नाउँ नेपाल हो । पृथ्वीनारायण शाहद्वारा एकीकरण गरिएको र राजा महेन्द्रबाट राष्ट्रियता बचाएर र विकासको रेखाङ्कन गरिएको सार्वभौमसत्ता सम्पन्न नेपालमाथि फिरङ्गीले आँखा नलगाउन् । चारैतिर भाँडिएको नेपालका लागि राष्ट्रिय एकताका सिङ्गो मियो गाड्न बालेन अघि सरुन् ।



मेरा वयका मानिसले छोरा पुस्ताका बालेनलाई मेरो सार्वभौम राष्ट्रको प्रधानमन्त्रीका रूपमा पाउँदा म आफ्नै सन्तानको उपलब्धिले झैँ रमाएकी छु । मलाई राष्ट्रको समृद्धि र सारा नेपाली जनताको मुहारमा सुखको मुस्कान हेर्ने इच्छा छ । जबसम्म राष्ट्र समृद्ध हुँदैन तबसम्म व्यक्ति जति नै समृद्ध भए पनि सुखी र शान्त हुनै सक्तैन भन्ने कुरा मैले राम्ररी बुझेकी छु ।सरकार प्रदत्त जेष्ठ नागरिक भत्ता खान थालिसकेकी मलाई बालेनसँगबाट कुनै स्वार्थसिद्धि गर्नु छैन । बालेन सरकारले मलाई व्यक्तिगत रूपमा केही दिनु पर्दैन । कुनै पनि निजी स्वार्थ राखेर बालेनलाई मैले दसैऔँलाको छाप लगाएकी हुँदै होइन ।

मलाई त नेपालको समृद्धि, आम जनताको स्तरोन्नति र राष्ट्रिय एकताको सवालसित मात्र नै सरोकार छ । त्यसैले म दोहोऱ्याएर भन्छु– प्रधानमन्त्री बालेनले सधैँ हेक्का राखेर काम गरून् !

संसारमा कहिल्यै पराधीन नभएको देशको नाउँ नेपाल हो । पृथ्वीनारायण शाहद्वारा एकीकरण गरिएको र राजा महेन्द्रबाट राष्ट्रियता बचाएर र विकासको रेखाङ्कन गरिएको सार्वभौमसत्ता सम्पन्न नेपालमाथि फिरङ्गीले आँखा नलगाउन् । चारैतिर भाँडिएको नेपालका लागि राष्ट्रिय एकताका सिङ्गो मियो गाड्न बालेन अघि सरुन् ।

फिरङ्गीको स्वार्थ सिद्धिको झण्डा नेपालमा नगाडियोस् । असंलग्न परराष्ट्रनीति अवलम्बन गरेको राष्ट्रको हितबाहेकका कुनै पनि सम्झौता बालेनले गर्ने छैनन् । यही बालेन सरकारले राष्ट्रिय अस्तित्वलाई नेपालीको शिरदेखि माथिमाथि र अझै माथि पुऱ्याउन् । देशभक्त बालेनमाथि कसैले पनि विदेशी दलालको बिल्ला नथोपरुन् । यदि उनीमाथि त्यस प्रकारको भारी बोकाउने फिरङ्गी आई लागे भने बरू उनले आफू सहिद हुने काम गरुन् र उनी नेपालको इतिहासमा अजर अमर भईजाउन् । रातोपाटी

## सभापति लामिछानेको मुद्दा पूर्ण सुनुवाइ हुने



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्धको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुर संशोधन गरी फिर्ता लिने महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्ध दायर रिट निवेदनमा पूर्ण इजलासमा सुनुवाइ हुने भएको छ।

न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले आइतबार पूर्ण इजलासमा सुनुवाइ हुने आदेश दिनुभएको अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो। मङ्गलबारदेखि सुनुवाइ सुरु भए पनि नसकिएपछि हेर्दाहेर्दैमा आइतबारका लागि राखिएको थियो ।न्यायाधीशद्वय सारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले यही चैत ५ गते लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरण तथा सङ्गठित अपराध मुद्दा फिर्ता लिने महान्यायाधिवक्ताको संशोधित निर्णय पेस गर्न आदेश गरेको थियो। साथै, आइतबारका लागि पेसी तय भएको थियो ।रासस

# सरकारका नीतिगत सुधारप्रति उद्योग परिसङ्घको स्वागत, निजी क्षेत्रसँग सहकार्यमा जोड




काठमाण्डु। नवगठित सरकारले पुराना तथा असान्दर्भिक कानुन खारेज गर्न प्रक्रिया सुरु गरेको तथा नीतिगत सुधारतर्फ अघि बढेकोप्रति नेपाल उद्योग परिसङ्घ (सिएनआई) ले सकारात्मक प्रतिक्रिया दिएको छ।

परिसङ्घले आइतबार प्रेस विज्ञप्तिमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै सरकारले विगतदेखि निजी क्षेत्रबाट उठाइएका सुझावहरूलाई कार्यान्वयनमा प्राथमिकता दिएको उल्लेख गरेको छ। परिसङ्घका अनुसार उत्पादन तथा सेवा क्षेत्रमा क्रियाशील उद्योगहरूको प्रतिनिधित्व गर्ने संस्थाले लामो समयदेखि कानुनी तथा संरचनागत सुधारको आवश्यकता औँल्याउँदै आएको थियो । नयाँ सरकारले ती सुझावलाई सम्बोधन गर्ने सङ्केत देखाएको भन्दै परिसङ्घले सन्तोष व्यक्त गरेको छ।

साथै, सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणलाई सरकारको मुख्य 'एजेन्डा' बनाइएकोप्रति पनि सकारात्मक अपेक्षा व्यक्त गरिएको छ । परिसङ्घले विदेशमा लगानीमा रोक लगाउने ऐन, क्षतिपूर्ति ऐन, कालोबजार तथा सामाजिक अपराधसम्बन्धी केही ऐन, नेपाल एजेन्सी ऐनजस्ता कानुन खारेज गर्ने प्रक्रिया थाल्ने निर्णयलाई स्वागतयोग्य भनेको छ।

यस्तै, राजस्व अनुसन्धान विभाग खारेज गर्ने कदमलाई पनि सुधारमुखी पहलका रूपमा लिएको छ । सरकारले सार्वजनिक सेवा प्रवाहलाई 'डिजिटल', एकद्वार तथा अन्तर आबद्ध प्रणालीमा रूपान्तरण गर्ने, पारदर्शिता र जवाफदेहितामा वृद्धि गर्ने तथा ठूला राष्ट्रिय आयोजना छिटो र गुणस्तरीय रूपमा सम्पन्न गर्न प्रक्रियाहरू 'फास्ट ट्र्याक'मा लैजाने लक्ष्य लिएको छ । यसअन्तर्गत जग्गा अधिग्रहण, मुआब्जा निर्धारण, रूख कटान तथा वातावरणीय प्रभाव मूल्याङ्कनजस्ता प्रक्रियामा सहजता ल्याउने तयारीलाई परिसङ्घले सकारात्मक रूपमा लिएको विज्ञप्तिमार्फत जनाएको छ ।त्यसैगरी, सार्वजनिक खरिद प्रणालीलाई पूर्ण डिजिटल र ट्र्याकिङयोग्य बनाउने, प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने तथा निजी क्षेत्रको सुरक्षामा विशेष ध्यान दिने विषयलाई पनि परिसङ्घले महत्वपूर्ण भनेको छ। उद्योग, बैङ्किङ पूर्वाधार तथा आपूर्ति शृङ्खलाको सुरक्षाका लागि विशेष सुरक्षा व्यवस्था गर्ने सरकारको योजना पनि स्वागतयोग्य रहेको जनाइएको छ।

परिसङ्घले प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उद्योग-वाणिज्य संवाद परिषद्लाई सक्रिय बनाउँदै निजी क्षेत्रसँग निरन्तर संवाद कायम गर्नुपर्नेमा जोड दिएको छ । साथै, कर प्रशासन स्वचालित बनाउने, राजस्व चुहावट नियन्त्रण गर्ने, करदातामैत्री सेवा विस्तार गर्ने, निजी क्षेत्र प्रवर्द्धन रणनीति कार्यान्वयन गर्ने तथा ऊर्जा क्षेत्रमा विद्युत् खरिद सम्झौता अगाडि बढाउने जस्ता योजनालाई पनि महत्वपूर्ण मानिएको छ ।यस्तै, समान प्रकृतिका कोषहरूको एकीकरण गर्दै उच्च प्रतिफलयुक्त परियोजनामा लगानी गर्ने, नेपाललाई आरोग्य पर्यटनको केन्द्रका रूपमा विकास गर्ने तथा प्रमुख खाद्यान्न बालीका लागि न्यूनतम समर्थन मूल्य निर्धारण प्रक्रिया सुरु गर्ने विषयलाई पनि परिसङ्घले सकारात्मक पहलका रूपमा व्याख्या गरेको छ।

परिसङ्घले सबै राजनीतिक दललाई आर्थिक 'एजेन्डा'मा केन्द्रित हुन आग्रह गर्दै आएको पनि स्मरण गराएको छ। सरकारले विभिन्न दलका घोषणापत्र तथा प्रतिबद्धताहरूलाई समेटेर 'राष्ट्रिय प्रतिबद्धता' तयार गर्ने तयारी गरेको उल्लेख गर्दै त्यसलाई समग्र आर्थिक विकासमुखी बनाउनुपर्ने धारणा राखिएको छ । परिसङ्घले अनुसन्धानमा आधारित सुझावमार्फत सरकारलाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाउँदै नयाँ लगानी, रोजगारी सिर्जना र उत्पादनमूलक उद्योग विस्तारमार्फत मुलुकको आर्थिक विकासले नयाँ गति लिने विश्वाससमेत व्यक्त गरेको छ ।रासस

# समयबद्ध कार्ययोजना बनाएर काम गर्न ऊर्जामन्त्री श्रेष्ठको निर्देशन



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जनताले तत्काल महसुस गर्ने गरी सेवा प्रवाह गर्न निर्देशन दिनुभएको छ।

मन्त्रालयको उच्च नेतृत्वलाई आइतबार निर्देशन दिनुहुँदै उहाँले सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी र नागरिकमुखी बनाउनुपर्छ भन्नुभयो।

उहाँले भन्नुभयो, "ऊर्जा क्षेत्रको दिगो विकास, जलस्रोतको समुचित उपयोग तथा सिँचाइ प्रणालीको विस्तारमार्फत कृषि उत्पादनमा वृद्धि गर्ने सरकारको लक्ष्य प्राप्तिका लागि स्पष्ट कार्ययोजना, समयबद्ध कार्यान्वयन र उत्तरदायित्वपूर्ण कार्यशैली आवश्यक छ ।"त्यसैगरी, मन्त्रालयभित्र समन्वय, अनुशासन र परिणाममुखी कार्यसंस्कृतिको विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै मन्त्री श्रेष्ठले कर्मचारीलाई आफ्नो जिम्मेवारीप्रति पूर्ण प्रतिबद्धता, इमानदारी र उच्च मनोबलका साथ काम गर्न निर्देशन दिनुभएको छ।

उहाँले ऊर्जा क्षेत्रमा आत्मनिर्भरता हासिल गर्ने दिशामा सबै पक्ष एकजुट भएर अगाडि बढ्नुपर्ने उल्लेख गर्दै आगामी दिनमा देखिएका चुनौतीलाई अवसरका रूपमा रूपान्तरण गर्दै नीति, योजना र कार्यान्वयनबीच प्रभावकारी समन्वय कायम गरी मन्त्रालयको समग्र कार्यक्षमता अभिवृद्धि गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभएको छ ।रासस

# आगामी बजेटबारे मन्त्रालयसँग छलफल सुरु




काठमाण्डु। नयाँ सरकार गठनसँगै आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमाको प्रारम्भिक चरणअन्तर्गत विषयगत मन्त्रालयसँग छलफल सुरु गरिएको छ।

अर्थ मन्त्रालयको समन्वयमा राष्ट्रिय योजना आयोगले आइतबार तीनवटा मन्त्रालयसँग प्रारम्भिक छलफल गरेको छ । आयोगका प्रवक्ता हरिशरण पुडासैनीका अनुसार अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग आइतबार बजेटसम्बन्धी छलफल गरिएको हो।

"मध्यमकालीन खर्च संरचना, राष्ट्रिय स्रोत अनुमान समितिले निर्धारण गरेको बजेट सीमा (सिलिङ) र अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शनका आधारमा मन्त्रालयहरूले तयार पारेका योजना तथा कार्यक्रममाथि छलफल सुरु गरिएको छ", प्रवक्ता पुडासैनीले भन्नुभयो,"निर्धारित सीमाभित्र रहेर प्राथमिकता निर्धारण गर्दै प्रभावकारी योजना छनोटबारे छलफल सुरु भएको हो।"

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार प्रत्येक मन्त्रालयले प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही आफ्नो मातहतका निकायहरूको नीति, कार्यक्रम र बजेट प्रस्ताव तयार गरी समयसीमाभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था छ।

यसअनुसार अर्थ मन्त्रालयले चैत १५ गतेभित्र सबै मन्त्रालयलाई आफ्ना योजना तथा कार्यक्रमहरू प्रस्ताव गर्न परिपत्र गरेको थियो। नयाँ सरकार गठन भएपछि भने मन्त्रालयहरूले पूर्ण रूपमा काम थाल्न समय नपाएको भन्दै समयसीमा पुनः समीक्षा गर्नेबारे अर्थ मन्त्रालय लचिलो हुने देखिएको छ।

"विषयगत मन्त्रालयहरूलाई एलएमबिआइएस प्रणालीमा चैत १५ गतेभित्र आगामी आवको योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव प्रविष्ट गर्न भनिएको थियो, तर शासकीय सुधारसम्बन्धी सयबुँदे कार्यसूची, सत्तारूढ दलको चुनावी प्रतिबद्धता र अन्य सुधार कार्यक्रम समेट्न समय आवश्यक पर्ने देखिएकाले म्याद थप गर्न सकिन्छ", अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले भन्नुभयो।

सरकारले बजेट प्रस्ताव गर्दा स्पष्ट मापदण्ड अपनाउन मन्त्रालयहरूलाई निर्देशन दिएको छ । सरकारको विद्यमान नीति तथा आवधिक योजनासँग मेल खाने, मध्यमकालीन खर्च संरचनाअनुसारका आयोजना, लागत अनुमान गरिएका, आगामी तीन वर्षको खर्च र स्रोतको प्रक्षेपण समावेश भएकालगायत योजना तथा कार्यक्रम बजेटको प्राथमिकतामा पर्ने आयोगले जनाएको छ।

यस्तै, बहुवर्षीय दायित्व तथा बाँकी भुक्तानीलाई समेट्ने, कार्यक्रमहरूको लाभ-लागत विश्लेषण अनिवार्य गर्ने, विगतको वित्तीय तथा भौतिक प्रगति विवरण समावेश गर्ने विषयलाई पनि गम्भीरपूर्वक हेरिने आयोगले जनाएको छ । आगामी आवका लागि प्राप्त प्रस्तावहरूको प्राविधिक, आर्थिक तथा कार्यान्वयन पक्षको विस्तृत अध्ययन गरी आयोगले प्रतिवेदन तयार पार्नेछ । त्यसपछि उक्त प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गरिनेछ।

यसैबीच, अर्थ मन्त्रालयले वर्तमान आर्थिक तथा वित्तीय अवस्थाको गहिरो अध्ययन सुरु गरेको छ । राजस्व सचिव भूपाल बराल, आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख महेश भट्टराई र नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामशरण खरेललाई उक्त जिम्मेवारी दिइएको छ। आगामी पाँच दिनभित्र समग्र आर्थिक तथा मौद्रिक सूचकहरूको विश्लेषणसहित प्रतिवेदन बुझाउन भनिएको छ ।रासस


Government of Madhesh Province

## Ministry of Education and Culture

### Janakpurdham, Dhanusha

## INVITATION FOR ELECTRONIC BIDS

**Bid Publication Date: 2082/12/16 (30th March 2026)**

| S. N. | Project Title (Works/Goods) | IFB NO./Bid No. | Cost Of Bid Documents Fee (Non-Refendable) | Bid Security Amount | Estimated Amount Excluding Vat & Contigency. | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | The Construction of Jilla Mahottari,Sonma Ga. Pa. 3 Sahid Comred, Ramchalitar, Ramdeb, Singheshwor, Bhagyanarayan, Rajendra, Bindeshwor Bidyalaya Khaknako Starunnati. | MOEC/NCB/WORKS/2082-083/12 | Nrs. 3,000 | Nrs. 1,02,000.00 | 39,03,664.00 | 29-04-2026 12:00 Noon | 29-04-2026 14:00 PM |
| 2 | The Construction of Jilla Mahottari, Sonma Ga. Pa.4 Shree Janta Ma. Bi. Ko Adhuro Bhawan Nirman. | MOEC/NCB/WORKS/2082-083/13 | Nrs. 3,000 | Nrs. 90,500.00 | 34,76,280.00 | 29-04-2026 12:00 Noon | 29-04-2026 14:00 PM |
| 3 | The Construction of Jilla Mahottari, Aaurahi Na.Pa.3, Shree Hira Sonabati Adharbhut Bidyalayako Bhawan Nirman Tatha Starunnati. | MOEC/NCB/WORKS/2082-083/14 | Nrs. 3,000 | Nrs. 1,02,000.00 | 39,03,134.00 | 29-04-2026 12:00 Noon | 29-04-2026 14:00 PM |

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Rastriya BanijyaBank Ltd. **Name of Office:** Ministry of Education and Culture, Janakpurdham, Dhanusha

**Office Code no. :** 3500017012 **Account no.:** 1000100200010000 **Rajaswa (revenue) Shirshak no. :** 14229

**Bid Security deposit in the Following Bank:**

**Name of the Bank:** Rastriya BanijyaBank Ltd. **Name of Office:** Pradesh Lekha Niyantrak Karyalay Madhesh Province, Janakpurdham

**Account No.:** 1220100202030000

**Note:-** 1. Bids Shall Be Opened At Ministry Of Education and Culture, Janakpurdham Dhanusha.
2. A Complete Set Of Bidding document Can Be Downloaded From website: www.bolpatra.gov.np/egp.
3. For Further Information Please Contact at No.:9854038535/9848714707,Email:- info.moec@madhesh.gov.np



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गोलबजार, सिरहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०८२/१२/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/२३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०७ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/१०/१६ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा ऋणीले सो समेतको वेवास्ता गरेको र सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८१/०७/०७ मा कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८२/०९/२३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः तेश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

### तपसिल

**ऋणीको विवरण**

**१.** सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०७३ साल माघ महिना २४ गते रोज २ मा प्रा.फ.न.घ.उ.सि. ६९४५/०७३/७४ तथा आन्तरिक राजश्व कार्यालय लाहानमा मिति २०७३/१०/२४ मा स्थायी लेखा नम्बर (PAN) ६०५६८३४६४ अन्तर्गत दर्ता कायम भएको **रियान्स फर्निचर उद्योग।**
**प्रोप्राईटर : गंगा प्रसाद यादव**

| ऋणी तथा ऋणी १ र ३ को व्यक्तिगत जमानीकर्ताको विवरण | ऋणी तथा ऋणी १ र २ को व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **२.** अवधि यादवको नाति, असर्फी यादवको छोरा, सिरहा जिल्ला, साविक चन्द्रलालपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ८ बस्ने **गंगा प्रसाद यादव** (ना.प्र.नं. १७१८, जारी मिति २०५३/०३/०९, जि.प्र.का. सिराहा)। | **३.** असर्फी यादवको बुहारी, गंगा प्रसाद यादवको पत्नी, सिराहा जिल्ला, साविक चन्द्रलालपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ८ बस्ने **रचना यादव** (ना.प्र.नं. १८६२३०२३, जारी मिति २०५८/०९/१५, जि.प्र.का. सिराहा)। |

**धितोको विवरण**

१. रियान्स फर्निचर उद्योगको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Bills and Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

२. **ऋणी १ तथा ऋणी २ को नाममा संयुक्त धितोबन्धकी कायम रहेको** गंगा प्रसाद यादव (ना.प्र.नं. १७१८, जारी मिति २०५३/०३/०९, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक असनपुर गा.वि.स./न.पा. वडा नं. ५ नक्सा सिट नं. ५ ख स्थित कि.नं. ३८५ र ४३५ को क्षेत्रफल क्रमशः ०-१-० र ०-०-१० (बि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. **ऋणी ३ को नाममा धितोबन्धकी कायम रहेको** रचना यादव (ना.प्र.नं. १८६२३०२३, जारी मिति २०५८/०९/१५, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक असनपुर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. ११०५ र १११० को क्षेत्रफल क्रमशः ०-०-०.७५ र ०-०-२.२५ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८२/१२/२२ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/२३ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय गोलबजार, सिरहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. धितोको विवरणमा उल्लेख भएका धितोहरु धितोबन्धक पत्रअनुसार आंशिक रुपमा समेत सकार गर्न सकिने छ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : गोलबजार, सिरहा
फोन : ०३३-५४०५११
Website : www.siddharthabank.com

# खाडी क्षेत्रमा आक्रमणले युद्धको आर्थिक जोखिम बढायो

एएफपी

तेहरान । यमनका हुथी विद्रोहीहरू युद्धमा प्रत्यक्ष रूपमा सामेल भएसँगै मध्यपूर्व द्वन्द्व थप जटिल बन्दै गएको छ । यसैबीच इरानले खाडी क्षेत्रमा रहेका दुई प्रमुख एल्युमिनियम प्लान्टमा मिसाइल र ड्रोन आक्रमण गरेको दाबी गर्दै क्षेत्रीय आर्थिक जोखिम थप गहिरिएको सङ्केत दिएको छ ।

फेब्रुअरी २८ मा इरानमाथि अमेरिका-इजरायलद्वारा गरिएको आक्रमणपछि सुरु भएको युद्ध अहिले क्षेत्रभर फैलिएको छ । यसले विश्व ऊर्जा बजारमा दबाब सिर्जना गर्नुका साथै विश्व अर्थतन्त्रमा नकारात्मक असर पर्ने चिन्ता बढाएको छ । वासिङ्टन र तेहरानबीच सम्भावित वार्ताको अवस्था अझै अनिश्चित रहँदा दैनिक आक्रमण र प्रतिआक्रमण जारी छन् ।



आइतबार बिहान तेहरानमै दुई शक्तिशाली विस्फोटले सहर हल्लिएको एएफपीका संवाददाताले जनाएका छन्, यद्यपि लक्षित स्थान स्पष्ट हुन सकेको छैन । कतारी समाचार च्यानल अल अरबीले आफ्नो तेहरानस्थित कार्यालय रहेको भवनमा इजरायली क्षेप्यास्त्र प्रहार भएको दाबी गरेको छ । सार्वजनिक गरिएको भिडियोमा फुटेका झ्याल, चकनाचुर काँच र बाहिर सडकभरि छरिएका भग्नावशेष देखिएका छन् । एक स्थानीय कलाकारका अनुसार अघिल्लो रातको आक्रमण यति तीव्र थियो कि 'सम्पूर्ण सहर नै थरथराएको' अनुभूति भएको थियो ।इरानको राज्य सञ्चारमाध्यमका अनुसार अमेरिका-इजरायल आक्रमणले स्ट्रेट अफ होर्मुज नजिकैको बन्दर खमीर बन्दरगाह क्षेत्रमा पनि प्रहार गरेको छ । उक्त क्षेत्रबाट इरानले शत्रु शक्तिहरूसँग सम्बन्धित ढुवानी रोकिएको दाबी गरेको छ ।

यसको जवाफस्वरूप इरानको रिभोलुसनरी गार्ड्सले बहराइन र संयुक्त अरब इमिरेट्समा रहेका विश्वका दुई ठूला एल्युमिनियम उद्योगसँग सम्बन्धित प्लान्टहरूमा मिसाइल तथा ड्रोन प्रहार गरेको जनाएको छ । ती उद्योगहरूलाई अमेरिकी सेना र एयरोस्पेस क्षेत्रसँग सम्बन्धित भन्दै लक्ष्य बनाइएको बताइएको छ । एमिरेट्स ग्लोबल एल्युमिनियमले आक्रमणमा छ जना घाइते भएको र संरचनामा ठूलो क्षति पुगेको जनाएको छ भने बहराइनमा एल्युमिनियम बहराइनका दुई कर्मचारी घाइते भएको त्यहाँको राज्य मिडियाले पुष्टि गरेको छ ।

यसैबीच, यमनका हुथी विद्रोहीहरूले शनिबार इजरायलका रणनीतिक स्थानहरूमा 'क्रुज मिसाइल र ड्रोनको व्यापक आक्रमण' गरेको दाबी गर्दै युद्धमा आफ्नो पहिलो प्रत्यक्ष सहभागिता जनाएका छन् । यसले द्वन्द्वलाई लाल सागर क्षेत्रसम्म विस्तार गर्ने सङ्केत दिएको छ, जसले साउदी अरेबियालाई आफ्नो तेल निर्यात मार्ग परिवर्तन गर्न बाध्य बनाएको छ ।यसअघि पनि गाजामा इजरायलको सैन्य कारबाहीका क्रममा हुथीहरूले लाल सागर र एडनको खाडीमा जहाजहरूलाई लक्षित गर्दै आक्रमण गरेका थिए, जसका कारण अन्तर्राष्ट्रिय व्यापारिक मार्गहरू प्रभावित भएका थिए ।

द्वन्द्व विस्तार हुँदै जाँदा इराक र सिरिया पनि प्रभावित बन्दै गएका छन् । सिरियाली अधिकारीहरूले आइतबार इराकबाट अमेरिकी सैन्य अड्डालाई लक्षित गरी पठाइएको ड्रोन आक्रमण विफल बनाइएको बताएका छन्, जुन इरान समर्थित समूहहरूले दाबी गरेका आक्रमणहरूको शृङ्खलापछि भएको हो ।तनाव कम गर्ने प्रयासस्वरूप पाकिस्तानले सोमबार इस्लामाबादमा साउदी अरेबिया, टर्की र इजिप्टका विदेशमन्त्रीहरूलाई आमन्त्रण गर्दै कूटनीतिक पहल अघि बढाएको छ । पाकिस्तानका विदेशमन्त्री इशाक दारले इरानी समकक्षीसँगको संवादमा वार्ता नै स्थायी समाधानको मार्ग भएको उल्लेख गर्नुभएको छ । जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले पनि अमेरिका-इरान प्रत्यक्ष वार्ता छिट्टै हुन सक्ने सङ्केत गर्नुभएको छ ।

अमेरिकी पक्षबाट पनि गतिविधि तीव्र देखिएको छ । अमेरिकी विशेष दूत स्टिभ विटकफले १५ बुँदे समाधान प्रस्ताव अघि सारेको जनाइएको छ । यसैबीच, करिब तीन हजार ५०० मरीन र नाविक बोकेको युएसएस त्रिपोली युद्धपोत मध्यपूर्व पुगेको छ ।अमेरिकी उपराष्ट्रपति जे डी भान्सले अमेरिका आफ्ना सैन्य उद्देश्य पूरा गर्न सफल भएको दाबी गर्दै पनि युद्ध अझ केही समय जारी रहने सङ्केत गर्नुभएको छ । यसैबीच पेन्टागनले खारग टापु र स्ट्रेट अफ होर्मुज आसपास सम्भावित स्थल कारबाहीका लागि योजना बनाइरहेको समाचार सार्वजनिक भएको छ, यद्यपि राष्ट्रपति ट्रम्पले औपचारिक स्वीकृति दिनुभएको छैन ।

यस तनावपूर्ण अवस्थाबीच इरानले अमेरिकी विश्वविद्यालयहरूलाई पनि चेतावनी दिएको छ । रिभोलुसनरी गार्ड्सले अमेरिका-इजरायल आक्रमणको निन्दा नगरे मध्यपूर्वस्थित अमेरिकी क्याम्पसहरूलाई लक्ष्य बनाइने धम्की दिएको छ ।अर्कोतर्फ, लेबनानमा इजरायली आक्रमण जारी छ । तेहरान समर्थित हिजबुल्लाहले मार्च २ मा इजरायलतर्फ रकेट प्रहार गरेपछि सुरु भएको झडपमा शनिबार तीन पत्रकार मारिएका छन् । लेबनानी राष्ट्रपति जोसेफ अउन र प्रधानमन्त्री नवाफ सलामले उक्त घटनालाई युद्ध अपराधको संज्ञा दिनुभयो । स्वास्थ्य मन्त्रालयका अनुसार दक्षिणी लेबनानमा इजरायली आक्रमणमा नौ जना प्यारामेडिक्सको पनि मृत्यु भएको छ ।

# हिमालय चितुवाद्वारा विश्व कीर्तिमान

काठमाण्डु । बक्सर अविरल घिमिरेले 'केवानक्रस १८८ किक बक्सिङ च्याम्पियनसिप'को उपाधि चुम्न सफल हुनुभएको छ । बक्सिङ खेल क्षेत्रमा 'हिमालय चितुवा'बाट विश्वपरिचित उनी 'के वान क्रस ' को उपाधि दुई पटक चुमेर नयाँ विश्व कीर्तिमान कायम गर्ने पहिलो नेपाली खेलाडी बनेका हुन् ।



जापानको टोकियो सहरमा शनिबार भएको सो प्रतियोगितामा हिमालय चितुवाले जापानका प्रतिस्पर्धी रिकुलाई नकआउटमा पराजित गर्दै पुनःदोस्रोपटक 'टाइटल बेल्ट'को उपाधि रक्षा गर्नुभएको हो । 'के वान क्रस १८८ किक बक्सिङ च्याम्पियनसिप'लाई बक्सिङ खेल क्षेत्रको सर्वोच्च प्रतियोगिता मानिन्छ ।

हिमालय चितुवाका पिता एवं बक्सर देव घिमिरेले दिनुभएको जानकारीअनुसार अविरलले उक्त प्रतियोगिताको तेस्रो राउण्डको दोस्रो मिनेटमा जापानी खेलाडी रिकुले नकआउट गर्न सफल भएका थिए । टोकियो नागोयास्थित विश्व प्रसिद्ध एवं प्रतिष्ठित 'हिट किक बक्सिङ क्लब'मार्फत हिमालय चितुवाले खेल्दै आएका छन् । हालसम्म उनीले तीनपटक हिट किकबक्सिङ तीनपटक टाइटल डिफेन्स गर्दै चार पटक हिट किक बक्सिङ टाइटल म्याच, अन्तरराष्ट्रिय किक बक्सिङ एसोसिएसन (इस्का) टाइटल र केवान क्रस १७५ टाइटल जित हासिल गरिसकेका छन् ।

साथै हालसम्म २५ अन्तरराष्ट्रिय प्रतियोगितामा भाग लिँदै १९ मा जित निकाल्ने क्रममा १८ वटामा नकआउट गरी जित आफ्नो पक्षमा ल्याउने उनी पहिलो नेपाली बक्सर हुन् । साथै हालसम्म यस्ता उपाधि हासिल गर्ने उनी पहिलो नेपाली बक्सर भएर नयाँ इतिहास कायम गरेका छन् ।रासस

# मध्यपूर्व तनाव उत्कर्षमा

एएफपी

पेरिस । मध्यपूर्वमा जारी युद्धले आइतबार नयाँ उचाइ लिँदै विभिन्न देशहरूमा सैन्य गतिविधि, आक्रमण र कूटनीतिक पहलहरू तीव्र बनेका छन् । इरान, इजरायल र अमेरिकाबीचको तनाव विस्तार हुँदै जाँदा क्षेत्रीय सुरक्षामा गम्भीर चुनौती उत्पन्न भएको देखिएको छ ।

आइतबार इरानले आफ्नै भूभागमा थप आक्रमणको सामना गर्नुपरेको छ । अमेरिका-इजरायल संयुक्त आक्रमणले रणनीतिक महत्त्वको स्ट्रेट अफ होर्मुज नजिक रहेको बन्दर खमीर बन्दरगाह सहरमा प्रहार गर्दा पाँच जनाको मृत्यु भएको इरानी राज्य मिडियाले जनाएको छ भने चार जना घाइते भएका छन् । यसैबीच, राजधानी तेहरानका विभिन्न स्थानमा शक्तिशाली विस्फोटका आवाजहरू सुनिएका छन् । विशेषगरी उत्तरी तेहरान क्षेत्रमा धुवाँ उठेको देखिएको छ, जसले आक्रमणको प्रभाव व्यापक रहेको सकेत गर्दछ ।यसको जवाफस्वरूप इरानले पनि क्षेत्रीय स्तरमा आक्रमण तीव्र पारेको जनाएको छ । इरानको रिभोलुसनरी गार्ड्सले संयुक्त अरब इमिरेट्स र बहराइनका एल्युमिनियम उद्योगहरूमा मिसाइल तथा ड्रोन प्रहार गरेको दाबी गरेको छ । ती उद्योगहरूलाई अमेरिकी सैन्य तथा एयरोस्पेससँग जोडिएको संरचना भन्दै लक्ष्य बनाइएको बताइएको छ ।

यसैक्रममा, इजरायल-लेबनान सीमामा पनि हिंसा जारी छ । इजरायली सेनाले दक्षिण लेबनानमा थप एक सैनिकको ज्यान गएको पुष्टि गरेको छ । मार्च २ देखि हिज्बुल्लाहले इजरायलतर्फ रकेट आक्रमण सुरु गरेपछि यो पाँचौँ सैन्य मृत्यु भएको हो । मृत्यु हुने सैनिक २२ वर्षीय सार्जन्ट मोशे यिट्जचाक हाकोहेन काट्ज रहेका छन् ।अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले पनि सम्भावित स्थलगत कारबाहीको तयारी गरिरहेको समाचार बाहिरिएको छ । वासिङ्टन पोस्टका अनुसार खारग टापु र स्ट्रेट अफ होर्मुज आसपासका क्षेत्रमा सीमित स्तरका सैन्य अपरेसन गर्ने योजना बनाइँदैछ, यद्यपि राष्ट्रपति डोनाल्ड ट्रम्पले औपचारिक स्वीकृति दिनुभएको छैन । सम्भावित कारबाही पूर्ण युद्ध नभई विशेष फौज र पैदल सेनामार्फत लक्षित छापा अभियान हुने बताइएको छ ।

कुवेतले पनि आफ्नो सुरक्षालाई ध्यानमा राख्दै वायु रक्षा प्रणाली सक्रिय बनाएको जनाएको छ । त्यहाँका सशस्त्र बलले मिसाइल र ड्रोन आक्रमणको सम्भावित खतरा निष्क्रिय पारिएको र विस्फोटका आवाजहरू त्यसैको परिणाम भएको स्पष्ट पारेका छन् ।यसैबीच, इरानले मध्यपूर्वस्थित अमेरिकी विश्वविद्यालयहरूलाई समेत चेतावनी दिएको छ। अमेरिका-इजरायल आक्रमणमा आफ्ना दुई विश्वविद्यालय ध्वस्त भएको आरोप लगाउँदै ती घटनाको सार्वजनिक निन्दा नगरे लक्ष्य बनाइने चेतावनी दिइएको छ ।तनाव कम गर्न कूटनीतिक प्रयास पनि अघि बढिरहेका छन् । पाकिस्तानले इस्लामाबादमा साउदी अरेबिया, इजिप्ट र टर्कीका विदेश मन्त्रीहरूलाई आमन्त्रण गरी क्षेत्रीय स्थिरताबारे छलफल गर्ने तयारी गरेको छ । पाकिस्तानले इरान र अमेरिकाबीच सन्देश आदानप्रदानमा मध्यस्थ भूमिका खेलिरहेको बताइएको छ ।




युद्धमा नयाँ मोर्चा थपिँदै यमनका हुथी विद्रोहीहरू पनि सक्रिय भएका छन् । इरान समर्थित उक्त समूहले इजरायलमाथि दुईवटा मिसाइल प्रहार गरेको दाबी गरेको छ। यसअघि उनीहरूले आक्रमण जारी रहेमा युद्धमा सहभागी हुने चेतावनी दिएका थिए ।इजरायलभित्रै पनि युद्धविरुद्ध असन्तुष्टि बढ्दै गएको देखिएको छ । तेल अभिवसहित विभिन्न सहरमा सयौँ नागरिकले प्रदर्शन गरेका छन् । सुरक्षा बलले ती प्रदर्शन नियन्त्रण गर्ने प्रयास गरेको छ, यद्यपि सहभागिता क्रमशः बढ्दै गएको जनाइएको छ ।

अर्कोतर्फ, अमेरिकाले इराकी कुर्दिस्तानका नेता नेचिरवान बर्जानीको निवासमा भएको ड्रोन आक्रमणको कडा निन्दा गरेको छ । उक्त घटनामा इरान समर्थित मिलिशियाहरूको संलग्नता रहेको आरोप लगाइएको छ ।यसैबीच, इजरायलको मध्य भागस्थित एस्ताओल गाउँमा इरानी मिसाइल प्रहार हुँदा ११ जना घाइते भएका छन् । उक्त आक्रमणले आवासीय क्षेत्रमा ठूलो खाडल बनाएको छ । यसअघि पनि सोही क्षेत्रमा भएको अर्को आक्रमणमा नौ जनाको मृत्यु भएको थियो ।

# युरोपको कडा आप्रवासन मोड

एपी

ब्रसेल्स । युरोपेली सङ्घ (इयु) ले आप्रवासन नियन्त्रणलाई अझ कडा बनाउने दिशामा निर्णायक मोड लिँदै निगरानी, पक्राउ र निर्वासनको दायरा विस्तार गरिरहेको छ । यसलाई कतिपयले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पकालीन रणनीतिसँग तुलना गर्न थालेका छन् ।

सत्ताइस राष्ट्रहरूको यो समूहले आप्रवासीहरूलाई युरोप प्रवेश गर्नुअघि नै रोक्ने, तेस्रो देशहरू–विशेषगरी अफ्रिकी मुलुकहरू–मा पठाउने र भित्र प्रवेश गरेपछि छिटो निर्वासन गर्ने नीति अघि बढाइरहेको छ । सन् २०२४ मा विभिन्न देशहरूमा दक्षिणपन्थी दलहरूको उदयपछि यस्तो नीति झन् कडाइका साथ लागू गर्न थालिएको हो । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले नयाँ उपायहरूले सन् २०१५ मा सिरियाली गृहयुद्धका कारण उत्पन्न शरणार्थी सङ्कट दोहोरिन नदिने दाबी गर्नुभएको छ । त्यसबेला करिब १० लाख मानिस युरोप पुगेका थिए । "हामीले विगतका पाठ सिकेका छौं र अहिले हामी अझ तयार छौं", उहाँले भन्नुभयो । 'माइग्रेसन र शरण सम्झौता' नाम दिइएको नयाँ नीति जुन १२ देखि लागू हुने तय भएको छ ।



यद्यपि, मानव अधिकार समूहहरूले यस्ता कदमप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् । उनीहरूका अनुसार युरोपेली देशहरूले पहिलेदेखि नै सीमा क्षेत्रमा 'पुशब्याक' अर्थात् आप्रवासीहरूलाई कानूनी प्रक्रिया बिना फर्काउने अभ्यास गरिरहेका छन्, जसले अन्तर ष्ट्रिय कानून उल्लङ्घन गर्ने जोखिम बढाएको छ ।

इटालीले यसमा एउटा नमूना प्रस्तुत गरेको छ । प्रधानमन्त्री जर्जिया मेलोनीको नेतृत्वमा त्यहाँ कडा आप्रवासन नीति लागू गरिएको छ, जसअन्तर्गत अल्बानियामा शरण अस्वीकृत भएका आप्रवासीहरूका लागि हिरासत केन्द्र सञ्चालनमा छन् ।


## Invitation for Bids

## Madhesh Institute of Health Sciences
## Janakpurdham

**Invitation for Bids No: MIHS/NCB/GOODS/2082-83/07**

**Date of publication: 30 March 2026**

1. The Madhesh Institute of Health Sciences, Janakpurdham invites electronic bids from eligible bidders for the procurement of supply and delivery of Machine and Surgical Goods for Barthing Centre under National competitive bidding - Single Stage Two Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhesh Institute of Health Sciences, Janakpurdham or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. Interested Bidders Shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

   **Name of the Bank:** Rastriya Banijay Bank,Janakpurdham.
   **Name of Office :** Madhesh Institute of Health Sciences
   **Office Code no.:** 3700017022
   **Office Account no.:** 1000100200010000
   **Rajaswa (revenue) Shirshak no.**14229
   **Bid Docement Fee :** NRs. 5000/-
4. Electronic bids must be submitted to the office Madhesh Institute of Health Sciences, Janakpurdham through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 29 April 2026. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM On 29 April 2026 at the office of Madhesh Institute of Health Sciences, Janakpurdham. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 7,90,000/- which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days ).

   **Bid security deposit in the following bank.**
   **Name of the Bank:** Rastriya Banijay Bank,Janakpurdham.
   **Name of Office :** Pradesh Lekha Niyantrak Karyalay Madesh Province, Janakpurdham
   **Office Account no.**1220100202030000
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the lowest price of the individual commodities (Itemwise).



## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/१२/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| १. | **नाम : शम्भु यादव**<br>बाबुको नाम : विजय कुमार यादव<br>बाजेको नाम : सरयुग यादव<br>ठेगाना : कजरारमौल - १, धनुषा<br>ना.प्र.प.नं. : ४३१८३०६१<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५०/०४/११<br>**शाखा कार्यालय : जनकपुर** | **नाम : अर्चना कुमारी यादव**<br>पतिको नाम : शम्भु यादव<br>ससुराको नाम : विजय कुमार यादव<br>ठेगाना : कजरारमौल - १, धनुषा<br>ना.प्र.प.नं. : ३७८९३९२२<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५८/०९/१५ |
| | **धितोको विवरण** | |
| | शम्भु यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको कजरारमौल - १, धनुषा स्थित कित्ता नं. ८१६ र ३४९ को क्षेत्रफल क्रमशः ०-४-११-८ र ०-६-६-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ चैत्र ३० गते सोमबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८३ वैशाख ०२ गते बुधबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# हराए मौलिक भाका, फेरियो चैतेदसैँ




गलकोट ।

*‘चैतेदसैँ मेलैमा*
*झर्छ आँशु छुट्ने बेलैमा’*

चैतेदसैँको विषयलाई समेटेर गायक विमलराज क्षेत्री, टीका क्षेत्री र शर्मिला गुरुङले २२ वर्षअघि गाएको गीतको अंश हो यो । बागलुङको चैतेदसैँ मेलाका रुपमा मात्रै नभई प्रेम र प्रेमिकाको भेट्ने छुट्ने मौकाका रूपमा रहेको गीतले पुष्टि गर्दछ । चैतेदसैँ मेलामा भेटिएका पुन अर्को मेलामा भेट्ने बाचाका साथ छुटेको भावलाई गायक क्षेत्रीले धेरै पहिले गीतमा उतार्नुभएको थियो ।

*‘चैतेदसैँ बागलुङे मैलैमा*
*लाइदेउँ माया भेट भाको बेलामा’*

यस्तै गायक टीका क्षेत्रीले देढ दशक पहिला गाएको गीतको अंशले समेत चैतेदसैँमा भेट्ने र माया पिरती लगाउने कुरालाई पुष्टि हुन्छ । यो गीतमा भनेजस्तै स्थानीय उत्पादनको खरिद बिक्रीसँगै माया पिरतीका लागि समेत चैतेदसैँ मेला प्रख्यात हो । चैतेदसैँको अवसरमा यस वर्ष बागलुङ कालिका मन्दिर परिसरमा मङ्गलबारदेखि चैतेदसैँ मेला लागिरहेको छ ।

मेला फेरिएजस्तै चैतेदसैँसँग सम्बन्धित रहेका मौलिक भाकासमेत फेरिएका छन् । चैतेदसैँमा गाइने लोकदोहरीमार्फत सयौँ कलाकारसमेत बागलुङले जन्माइसकेको छ । ऐतिहासिक पुरानो मेलाका रूपमा रहेको चैतेदसैँ मेला पछिल्लो समय फेरिएको पाइन्छ । चैतेदसैँको अवसरमा गाइने मौलिक भाकासमेत हराएका छन् भने रमाइलो मेलामा आकर्षण बढेको छ । मेलामा मौलिक झाँकीहरू देखाए पनि यसपटकबाट भने लोकदोहोरी प्रतियोगिता नै नभएको हो ।

चैतेदसैँमा कालिका मन्दिर दर्शन गर्न आउने र वर्षभरिलाई आवश्यक सामग्री खरिदबिक्री गर्ने कार्यसमेत परिवर्तन भएको छ । चैतेदसैँको अवसरमा गाइने ‘एउटो पैसो कहिलेलाई चैतेदसैँलाई’ भन्ने गीत लोप भइसकेको छ । यस्तै ‘रेरे साइलो’, ‘यानीमया’, ‘ठाडो भाका’ र सालैजो’ जस्ता मौलिक भाका सुन्नै छाडिएका छन् । अहिले आधुनिक गीतले मेलालाई गिजोलेको स्थानीय जानकार काजी गाउँले श्रेष्ठले जानकारी दिनुभयो ।

अहिले आयातित सामग्री खरिदबिक्री गर्ने र रेकर्ड गरिएका गीतमा नाचगान गर्ने गरिन्छ । मेलामा हालिने लिङ्गे पिङ र चर्खेपिङको सट्टामा अहिले रमाइलो झुला (आधुनिक पिङ) राखिएको छ । चैतेदसैँ मेलाको मौलिकता फेरिएको ८२ वर्षदेखि मेलाको अवलोकन गर्दै आउनुभएका स्थानीय दुर्गा आचार्यले मेलाको मौलिकता फेरिएको बताउनुभयो ।

स्थानीय घनश्याम सापकोटाका अनुसार मेलामा प्लाष्टिकका सामग्री खरिदबिक्री बढेकाले ठेका तथा डालोको बिक्री कम भएको हो । “रातभरि रेरे साइलो, सालैजो गीत गाएर जाग्राम बसिन्थ्यो, अहिले त कलकारहरूले साँझमा आउने ट्र्याकमा गाउने चलन छ, पहिलाजस्तो मौलिकता मेलाको छैन, गाउँगाउँमा मेला पर्व लाग्न थाले, चैतेदसैँ मेलाप्रतिको चाख घटेको छ तर मन्दिर दर्शनार्थीहरूको सङ्ख्या बढेको छ ।”

चैतेदसैँ मेला र बागलुङ कालिका मन्दिरसँगै जोडिएर आउँछन् । यहाँको प्रसिद्ध ऐतिहासिक कालिका भगवती मन्दिर यस क्षेत्रकै चिनारीको रूपमा रहेको छ । चैतेदसैँ मेला बागलुङको मौलिक परम्पराजस्तै बने पनि आधुनिकताको प्रभावले मौलिकता जोगाउन कठिन भए पनि हनुमान नाच र सालैजोजस्ता झाँकी देखाइएको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले बताउनुभयो । रासस

# स्थानीय उत्पादनलाई बजार अभाव



ढोरपाटन । बागलुङमा लाग्ने चैतेदसैँ मेलालाई स्थानीय उत्पादनको बजारीकरण गर्ने माध्यमका रुपमा लिइन्छ । तर पछिल्लो समय आयातित वस्तुको कारण ग्रामीण क्षेत्रका उत्पादन ओझेलमा परेका छन् । मेला सुरु हुनुअगावै बागलुङका ग्रामीण क्षेत्रसहित पर्वत, म्याग्दी, कास्की, तनहुँ, स्याङ्जालगायत देशैभरबाट व्यापारका लागि आएका व्यापारी यसपालि त्यति उत्साहित देखिएनन् ।

आयातित वस्तुको व्यापार राम्रो भए पनि गाउँबाट लिएका चोयाको डाली, नाङ्लो, मुडा, काठको ठेकी, मदानीसहितका सामग्रीको व्यापार राम्रो नभएको व्यापारी बताउँछन् । कालिका मन्दिर परिसरमा यही चैत १० गतेदेखि मेला लागेको छ । मेला भर्न आउने दर्शकले लत्ताकपडा, प्लास्टिकका भाँडा किनमेल गरे पनि स्थानीय उत्पादनतिर खासै चासो नदिएको म्याग्दीबाट काठका ठेकी बिक्री गर्न आउनुभएका लिलबहादुर चुँदाराले बताउनुभयो ।

आफू ३७ वर्षदेखि निरन्तर चैतेदसैँ मेलामा ठेकी बिक्रीका लागि आएको भन्दै उहाँले पछिल्लो एक दशकमा व्यापार निकै कम भएको बताउनुभयो । पहिले गाउँमा धेरैले वस्तुभाउ पाल्ने, दूध, दही र मही बनाउने गरे पनि हिजोआज बजारबाटै दूध किनेर उपभोग गर्न थालेपछि काठका ठेकी र मदानी बिक्री हुन छोडेको चुँदाराले बताउनुभयो ।उहाँले भन्नुभयो, “हामीले वर्षभरि गाउँमा ठेकी, मदानीलगायत थुप्रै काठका सामान बनाउने र चैतेदसैँमा लिएर बिक्री गर्थ्यौँ । रासस

# वन्यजन्तु संरक्षण गर्न कृत्रिम ताल निर्माण

नवलपुर । चितवन राष्ट्रिय निकुञ्जमा वन्यजन्तु संरक्षण गर्ने उद्देश्यले कृत्रिम ताल निर्माण गरिएको छ । पछिल्लो समय सुक्खायाममा निकुञ्जभित्रका प्राकृतिक तालतलैया सुक्ने क्रम बढ्दै गएपछि निकुञ्जले वन्यजन्तु संरक्षणका लागि विभिन्न दाताको सहयोगमा कृत्रिम ताल निर्माण गर्दै आएको छ ।

विसं २०३० असोज ४ गते स्थापना भएको उक्त निकुञ्ज बाघ, हात्ती, गैँडालगायत वन्यजन्तुको महत्त्वपूर्ण बासस्थानको रूपमा रहेको छ । मानवलाई जस्तै वन्यजन्तुलाई पनि बाँच्नका लागि आहार र पानीको आवश्यकता पर्ने भन्दै सुक्खायाममा पानीको अभाव पूर्ति गर्न कृत्रिम ताल निर्माण गरिएको हो । पछिल्लो समय निकुञ्जभित्रका घाँसेमैदान, सिमसार क्षेत्र मासिँदै गएपछि वन्यजन्तु संरक्षणमा चुनौती थपिँदै गएकाले निकुञ्जले कृत्रिम ताल निर्माण गरी वन्यजन्तु संरक्षणमा पहल गरेको हो ।

निकुञ्जका प्राकृतिक ताल र सिमसार क्षेत्रमा देखिएको समस्यालाई ध्यानमा राखेर घाँसेमैदान र सिमसार क्षेत्रको व्यवस्थापनमा निकुञ्ज लागिपरेको छ । चितवन राष्ट्रिय निकुञ्जले चालु आर्थिक वर्ष २०८२/८३ को कार्यक्रमअन्तर्गत सुखीभार पोष्ट नजिकै कृत्रिम ताल निर्माण गरेको हो । सुक्खायाममा पानीको अभावलाई पूरा गर्न ९७ मिटर लम्बाइ र २५ मिटर चौडाइको सौर्य ऊर्जा जडानसहितको ताल निर्माण गरेको निकुञ्जले जनाएको छ ।

कृत्रिम तालबाट करिब एक सय मिटर पर वर्षभरि बग्ने खोल्सोबाट सोलार बोरिङ जडान गरिएको चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत प्रविन पौडेलले बताउनुभयो ।

“खोल्साबाट घाम लागेको बेला सोलारमार्फत पम्पिङ भएर पानी तालमा आइपुग्छ”, संरक्षण अधिकृत पौडेलले भन्नुभयो, “प्राकृतिक स्रोतबाट मात्रै निकुञ्जभित्रको तालमा पर्याप्त पानी नभएपछि सुक्खायाममा पानीको अभावलाई पूर्ति गर्न यस्तो किसिमको कृत्रिम ताल निर्माण गरिएको हो ।” चालु आर्थिक वर्षमा निकुञ्जले निर्माण गरेको यो पहिलो ताल भएको पौडेलको भनाइ छ । निकुञ्जले तराई भू-परिधि (ताल) कार्यक्रमको सहकार्यमा करिब रु नौ लाख लागतमा कृत्रिम ताल निर्माण गरेको उहाँले जानकारी दिनुभयो । यस्ता कृत्रिम ताल निकुञ्जले निकुञ्जको मुख्यालय कसरा नजिकै पनि निर्माण गरिएको छ । त्यसअघि भिम्ले पोष्ट नजिकै पनि सोलारसहितको ताल निर्माण गरिएको थियो ।

केही कृत्रिम ताल निर्माण गरिए पनि निकुञ्जभित्र रहेका तालतलैयाको संरक्षणमा भने निकुञ्जले कठिनाइ भोग्दै आइरहेको छ । ताल संरक्षणका लागि आवश्यक बजेट नहुँदा निकुञ्जभित्र रहेका प्राकृतिक तालहरू नन्द भाउजु, देवीताललगायतका सिमसार क्षेत्र अहिले सङ्कटमा रहेका निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्तले बताउनुभयो ।

वन्यजन्तुको सङ्ख्या बढाउन उनीहरूको व्यवस्थित बासस्थानको निकै महत्व हुने उहाँको भनाइ छ । निकुञ्जभित्रका घाँसेमैदान र सिमसार क्षेत्र राम्रो नहुँदा यहाँ आश्रित वन्यजन्तु व्यवस्थापनमा कठिनाइ हुने गरेको छ ।रासस


## KARAIYAMAI RURAL MUNICIPALITY
### Office Of The Rural Municipal Executive
### Karaiya, Bara

**Invitation for Bids No: 09**

**Date ofpublication: 2082/12/16**

1. KARAIYAMAI RURAL MUNICIPALITY, KARAIYA, BARA invites electronic National Competitive Bidding (NCB) from eligible bidders for the procurements mentioned below.
2. Eligible Bidders may obtain further information about the bidding documents at the office of the Karaiyamai Rural Municipality Karaiya, Bara, www.karaiyamaimun.gov.np, 9865017375 or may visit PPMO Websitewww.bolpatra.gov.np

| Contract Identification No. | Description | Estimated Amount Without VAT & PS | BID Security (Nrs.) | Bidding Document fee (Nrs.) | Deadline Of Bid Submission |
|---|---|---|---|---|---|
| KRM/NCB/W/09/2082-083 | Construction of RCC Drain | 4204415.32 | 125000 | 3000 | 2083/01/17 |

3. The employers reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to bidders.

**Chief Administrative Officer**

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/१२/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : एम एस प्रेम सागर खाद्यान उद्योग**<br>दर्ता निकाय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग<br>दर्ता नं. : १३११६/५८४/०७९/०८०, दर्ता मिति : २०७९/११/१०<br>ठेगाना : बिश्रामपुर - ५, बारा, **प्रोप्राईटर : अनिता कुमारी** | |
| | **नाम : अनिता कुमारी**<br>पतिको नाम : संदेश प्रसाद, ससुराको नाम : शिवनाथ रौनियार<br>ठेगाना : कलैया - ४, बारा, हाल : बहुदरमाई - ४, पर्सा<br>ना.प्र.प.नं. : ३३१०५५/११६०८, जि.प्र.का. बारा, जारी मिति : २०६५/१२/०५<br>**शाखा कार्यालय : वीरगंज** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : अनिता कुमारी**<br>पतिको नाम : संदेश प्रसाद<br>ससुराको नाम : शिवनाथ रौनियार<br>ठेगाना : कलैया - ४, बारा<br>हाल : बहुदरमाई - ४, पर्सा<br>ना.प्र.प.नं. : ३३१०५५/११६०८<br>जि.प्र.का. बारा<br>जारी मिति : २०६५/१२/०५ | **२. नाम : संदेश प्रसाद**<br>बाबुको नाम : शिवनाथ रौनियार<br>बाजेको नाम : बेनी साह रौनियार<br>ठेगाना : बंहुअरी पिडरी - २, पर्सा<br>हाल : बहुदरमाई - ४, पर्सा<br>ना.प्र.प.नं. : ०५१८३०४८<br>जि.प्र.का. बारा<br>जारी मिति : २०६३/०७/१४ |
| | **धितोको विवरण** | |
| | अनिता कुमारीको नाममा मालपोत कार्यालय बारामा दर्ता रहेको नकटुवा - ७, बारा स्थित कित्ता नं. १०२ र १०४ को क्षेत्रफल क्रमशः १५२.३७ र १६०.८५ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| क.सं. | ऋणीको विवरण | |
|---|---|---|
| २. | **नाम : सलेन्द्र कुमार यादव**<br>बाबुको नाम : विन्दु यादव, बाजेको नाम : मेही यादव<br>ठेगाना : तरापट्टि सिरसिया - ५, धनुषा, हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४२६७६, जि.प्र.का. : धनुषा, जारी मिति : २०६२/०२/०९,<br>**शाखा कार्यालय : लोहारपट्टी** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : सुमिन्त्रा देवी यादव**<br>पतिको नाम : विन्दु यादव<br>सासुराको नाम : मेही यादव<br>ठेगाना : तरापट्टि सिरसिया - ५, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४१३२४<br>जि.प्र.का. : धनुषा<br>जारी मिति : २०४३/०९/२९ | **२. नाम : विन्दु यादव**<br>बाबुको नाम : मेही यादव<br>बाजेको नाम : रदिहल यादव<br>ठेगाना : तरापट्टि सिरसिया - ५, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४१६२३<br>जि.प्र.का. : धनुषा<br>जारी मिति : २०३५/०४/३० |
| | **३. नाम : प्रदिप कुमार यादव**<br>बाबुको नाम : विन्दु यादव<br>बाजेको नाम : मेही यादव<br>ठेगाना : तरापट्टि सिरसिया - ५, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ५९३९०७९९<br>जि.प्र.का. : धनुषा<br>जारी मिति : २०५३/११/१२ | **४. नाम : सुनिता कुमारी यादव**<br>पतिको नाम : प्रदिप कुमार यादव<br>सासुराको नाम : विन्दु यादव<br>ठेगाना : तरापट्टि सिरसिया - ५, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७७-०६७०२<br>जि.प्र.का. : धनुषा<br>जारी मिति : २०७७/०८/३० |
| | **५. नाम : पुनिता यादव**<br>पतिको नाम : सैलेन्द्र कुमार यादव, सासुराको नाम : विन्दु यादव<br>ठेगाना : तरापट्टि सिरसिया - ५, धनुषा हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७६-१५१६६, जि.प्र.का. धनुषा, जारी मिति : २०७६/१०/२० | |
| | **धितोको विवरण** | |
| | सुमिन्त्रा देवी यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको तारापट्टि सिरसिया - ४ क, धनुषा स्थित कित्ता नं. २९५ र २९६ को क्षेत्रफल त्रलमशः ०-१-०-० र ०-१-१८-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**
- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ चैत्र २२ गते आइतबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ चैत्र २३ गते सोमबार ३:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय:**
**सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गोलबजार, सिरहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०८२/१२/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०८ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/११/११ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा ऋणीले सो समेतको वेवास्ता गरेको र सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८१/०७/०८ मा कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८२/१०/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः तेस्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०६९/०२/२१ मा प्रा.फ.र.नं. २३६४/०६८/०६९ तथा आन्तरीक राजश्व कार्यालय लाहानमा मिति २०६८/१२/२९ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६००४७५८९७ अन्तर्गत दर्ता कायम भएको **उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसल** ।
**प्रोप्राईटर : राम मिलन महतो**

**२.** सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०७२ साल बैशाख महिना १६ गते मा प्रा.फ.र.नं. ४४७४/०७१/०७२ तथा आन्तरीक राजश्व कार्यालय लहानमा मिति २०७२/०१/१६ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६०३१६७०८३ अन्तर्गत दर्ता कायम भएको **आदर्श इम्पेरियम** ।
**प्रोप्राईटर : पुष्पा देवी सिंह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. जंगल महतोको नाति, रघुनाथ महतोको छोरा, सिराहा जिल्ला, साविक अयोध्यानगर न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने **राम मिलन महतो** (ना.प्र.नं. ४३४४५, जारी मिति २०५९/१२/०६, जि.प्र.का. सिराहा) । | २. रघुनाथ महतोको बुहारी, राम मिलन महतोको पत्नी, सिराहा जिल्ला, साविक अयोध्यानगर न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने **पुष्पा देवी सिंह** (ना.प्र.नं. १५३०४६/३६०, जारी मिति २०६३/११/३०, जि.प्र.का. सिराहा) । |

**धितोको विवरण**

१. उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसलको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२. **ऋणी उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसलको नाममा धितोबन्धकी कायम रहेको** राम मिलन महतो (ना.प्र.नं. ४३४४५, जारी मिति २०५९/१२/०६, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स./न.पा. वडा नं. ५ क स्थित कि.नं. ६१४ को क्षेत्रफल ०-१६-४ (वि.क.धु.) र सिरहा जिल्ला, फुलकहाकट्टी गा.वि.स./न.पा. वडा नं. २ ख स्थित कि.नं. ३६३ को क्षेत्रफल ०-७-१ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. **ऋणी उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसलको नाममा धितोबन्धकी कायम रहेको** पुष्पा देवी सिंह (ना.प्र.नं. १५३०४६/३६०, जारी मिति २०६३/११/३०, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ७ क स्थित कि.नं. ३१५५ को क्षेत्रफल ०-०-९१/४ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. आदर्श इम्पेरियमको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
५. **ऋणी आदर्श इम्पेरियमको नाममा धितोबन्धकी कायम रहेको** पुष्पा देवी सिंह (ना.प्र.नं. १५३०४६/३६०, जारी मिति २०६३/११/३०, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ७ क स्थित कि.नं. ३३३२ को क्षेत्रफल ०-०-४ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८२/१२/२२ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/२३ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९०००01 मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय गोलबजार, सिरहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. धितोको विवरणमा उल्लेख भएका धितोहरु धितोबन्धक पत्रअनुसार आंशिक रुपमा समेत सकार गर्न सकिने छ ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : गोलबजार, सिरहा
फोन : ०३३-५४०५११
Website : www.siddharthabank.com

# गंगा सागरको अवैध संरचना हटाइदै



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेशका राजधानी जनकपुरधाममा अतिक्रमण हटाउने अभियान मधेश प्रदेश सरकारले तीव्र पारिएको छ । यसैक्रममा आइतवार जनकपुरधामको शिव चोकस्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको गंगासागर पोखरी क्षेत्रबाट अतिक्रमण हटाउन डोजर प्रयोग गरेका छन् ।

गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोको पहलमा आइतबार पोखरी आसपासका अवैध संरचना हटाउन डोजर प्रयोग गरेको हो ।

जनकपुरधाम उपमहानगरपालिका र जनकपुरधाम उद्योग वाणिज्य संघको सहकार्यमा सञ्चालन गरिएको उक्त अभियानले लामो समयदेखि विवादमा रहेको गंगासागर क्षेत्रलाई पुनः व्यवस्थित गर्ने लक्ष्य लिएको जनाइएको छ ।

स्थानीय प्रशासन, प्रहरी तथा नगरप्रहरीको उपस्थितिमा अतिक्रमित संरचना हटाइँदा केही स्थानमा सामान्य तनावसमेत देखिएको थियो । गृहमन्त्री महतोले गंगासागर पोखरीको संरक्षण धार्मिक आस्थासँग मात्र नभई ऐतिहासिक पहिचान र पर्यटन प्रवर्द्धनसँग जोडिएको विषय भएको उल्लेख गरे ।

उनले भने, 'गंगासागर जस्ता सम्पदाहरू अतिक्रमणको चपेटामा पर्नु दुःखद हो । अब कुनै पनि हालतमा सार्वजनिक जग्गा हडप्ने प्रवृत्ति सह्य हुँदैन । कानून सबैका लागि बराबर लागू हुन्छ ।'

उनले प्रदेश सरकार सार्वजनिक सम्पत्तिको संरक्षणमा कठोर ढंगले प्रस्तुत हुने स्पष्ट पार्दै आवश्यक परे अन्य क्षेत्रमा पनि यस्तै अभियान सञ्चालन गरिने बताए । 'यो अभियान कुनै व्यक्ति वा समूहविरुद्ध नभई कानूनी शासन स्थापित गर्ने अभियान हो,' उनले जोड दिए ।

स्थानीयवासीले वर्षौंदेखि अतिक्रमणका कारण पोखरी क्षेत्र साँघुरिँदै गएको गुनासो गर्दै आएका थिए । पछिल्लो कदमलाई धेरैले सकारात्मक रूपमा लिएका छन् भने केही व्यवसायीले भने वैकल्पिक व्यवस्थाविनै हटाइएको भन्दै असन्तुष्टि जनाएका छन् ।

यस अभियानलाई हालै गठन भएको बालेन्द्र शाह (बालेन) नेतृत्वको संघीय सरकारको 'एक्सन-ओरिएन्टेड' शैलीको प्रभावका रूपमा समेत हेरिएको छ । संघीय सरकार गठनपछि प्रशासनिक सक्रियता बढेको र त्यसको असर प्रदेश तहसम्म देखिन थालेको स्थानीय बताउँछन् ।

जनकपुरधामउपमहानगरपालिकाका एक अधिकारीका अनुसार गंगासागर क्षेत्रको दीर्घकालीन संरक्षणका लागि विस्तृत योजना तयार पारिँदैछ । यसअन्तर्गत हरियाली प्रवर्द्धन, पदमार्ग निर्माण र धार्मिक पर्यटनको विकासमा जोड दिइनेछ ।

# बजेट अभावमा विकास निर्माण कार्य अलपत्र

**उपमहानगरले निर्माण व्यवसायीलाई ४७ करोड रुपैयाँ भुक्तानी दिन बाँकी रहेको बताएको छ । चालु आर्थिक वर्षमा उपमहानगरको बजेट ५० करोड घाटामा रहेको छ ।**

**टुडे समाचारदाता**

बारा । बजेट अभाव र ठेकेदारलाई भुक्तानी दिन नसक्दा बारा जिल्लाको जीतपुर सिमरा उपमहानगरपालिकाको विकास निर्माणका काम अलपत्र परेका छन् ।

उपमहानगरले निर्माण व्यवसायीलाई ४७ करोड रुपैयाँ भुक्तानी दिन बाँकी रहेको बताएको छ । चालु आर्थिक वर्षमा उपमहानगरको बजेट ५० करोड घाटामा रहेको छ । उपमहानगरपालिका-१२, फत्तेपुरस्थित २ करोड ५० लाख लागतको हाटबजार निर्माणको काम अलपत्र छ ।

गत आर्थिक वर्षमै संघीय सरकार र पालिकाको लागतमा ठेक्का सम्झौता भएको हाटबजारको काम ठेकेदारले बिचमै छोडेका छन् । सोही स्थानमा ६० लाख लागतमा निर्माण हुने वडा कार्यालय भवनको शिलान्यास समेत हुन सकेको छैन ।

यसैगरी, १२ करोड ३१ लाख लागतको करिब ११ किलोमिटर सडक कालोपत्रे योजना पनि अलपत्र परेको छ । यो सडक खण्डले वडा नं ५, १२, १३, १५ र १७ का बासिन्दालाई जोड्छ । वडा नं १२ का अनुसार ठेक्काको ५० प्रतिशत मात्रै काम सकिएको छ । काम अलपत्र पर्दा स्थानीयले वर्षामा हिलाम्मे र सुक्खा मौसममा धुलो र ठुला ढुङ्गा भएको बाटोमा हिँड्न समस्या भएको गुनासो गरेका छन् ।

स्थानीय सेख आजामले ठेकेदारले काम अलपत्र पार्दा ग्रामीण भेगका बासिन्दाले सास्ती भोगेको बताए । उनले भने, 'वर्षामा बाटो हिलाम्मे हुन्छ, ग्याभेलमा मोटरसाइकल दुर्घटना भइरहन्छ । हाटबजार अलपत्र पर्दा साना व्यापारी समस्यामा परेका छन् ।' वडा नं १३ की जलिमा खातुनले धुलोका कारण हिँड्न नसकिने र रुघाखोकीका बिरामी बढेको गुनासो गरिन् । वडा नम्बर १२ का अध्यक्ष श्यामाबाबु खाँले भुक्तानी नपाएकै कारण हाटबजार, वडा कार्यालय भवन र सडक कालोपत्रेको काम रोकिएको बताए । उनले ५० लाखमा टेन्डर भएको वडा कार्यालय भवनको काम दुई वर्षदेखि सुरु नहुँदा भाडाको साँघुरो घरमा काम गर्न समस्या भएको उल्लेख गरे ।



यस्तै, १४ करोड २६ लाख र १२ करोड लागतका दुई ठुला सडक कालोपत्रे योजनाको नाला र कल्भर्टको काम मात्रै सकिएको छ । यी दुई वर्ष पुराना योजनाको म्याद वैशाख र जेठमा सकिँदैछ । उपमहानगरपालिकामा आर्थिक वर्ष २०८०/८१ देखि २०८१/८२ सम्म १०८ वटा योजना कार्यान्वयनमा छन्, जसमध्ये केही सम्पन्न भई भुक्तानी दिन बाँकी छ भने केही अन्तिम चरणमा छन् ।

वडा नम्बर १३ का अध्यक्ष हेमनारायण चौधरीले गतवर्षका योजना पनि अलपत्र रहेको र ठेकेदारहरू सम्पर्कविहीन भएको बताए । उनले भने, 'नगरपालिकासँग पैसा छैन, गतवर्षको ४७ करोड भुक्तानी दिन बाँकी छ भने खातामा जम्मा १९ करोड मात्रै छ ।'

बजेट अभावकै कारण चालु आर्थिक वर्षका वडागत योजना सुरु हुन नसकेको उनले बताए । चौधरीले १० लाखभन्दा माथिका योजना नगरपालिकाले नै गर्ने र आफूहरूको भूमिका नहुने गरेको गुनासो गरे ।

उपमहानगरले चालु आर्थिक वर्षका लागि २ अर्ब १ लाखको बजेट बनाएको थियो, जसमा ५० करोड घाटा बजेट रहेको राजस्व शाखाले जनाएको छ । दैनिक संकलन हुने राजस्व कर्मचारीको तलब भत्ता र मसलन्दमै खर्च हुने गरेको छ ।

उपमहानगर प्राविधिक शाखा प्रमुख इन्जिनियर अभयकान्त झाले फिल्डमा सम्पन्न भएका योजनाको समेत भुक्तानी दिन नसक्दा समस्या भएको बताएका छन् । पुराना योजना फछ्र्योट गर्न मात्रै ९० करोड बजेट आवश्यक पर्छ, जसमध्ये ४७ करोड भुक्तानी बाँकी रहेको बताए ।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका कारण उपमहानगर र वडा कार्यालयमा भएको क्षतिका कारण थप ६ करोड रुपैयाँको आर्थिक भार परेको छ । इन्जिनियर झाले चालु आर्थिक वर्षमा सङ्घीय सरकारको विशेष र समपूरक बजेट (करिब ५ करोड) बाहेक अन्य कुनै काम गर्न नसकिने बताए ।

मधेश प्रदेशका स्थानीय तहमध्ये राजस्व संकलनमा तेस्रो स्थानमा रहे पनि पछिल्ला दुई वर्षदेखि नदीजन्य पदार्थ उत्खननको ठेक्का समयमै लगाउन नसक्दा उपमहानगरले ठुलो राजस्व गुमाएको छ । चालु आर्थिक वर्षको फागुन मसान्तसम्म उपमहानगरले ७ करोड मात्रै राजस्व सङ्कलन गरेको छ, जबकि गतवर्ष सोही अवधिमा ११ करोड राजस्व संकलन भएको थियो ।

# वडामा तालाबन्दी




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-५ श्रीपुरस्थित वडा कार्यालयमा स्थानीयले बजेट दुरुपयोग गरेको आरोप लगाउँदै तालाबन्दी गरेका छन् ।

जनप्रतिनिधि र कर्मचारीले वडाको बजेट दुरुपयोग गरी आ–आफ्ना श्रीमती तथा आफन्तलाई धार्मिक तथा पर्यटकीय भ्रमणमा लगेको आरोप लगाउँदै स्थानीयवासीले आइतबार तालाबन्दी गरेको हो ।

सार्वजनिक सेवा प्रवाहलाई बेवास्ता गर्दै जनप्रतिनिधिहरूले व्यक्तिगत स्वार्थका लागि बजेट खर्च गरेको कारण बाध्य भएर तालाबन्दी गर्नु परेको स्थानीय विनोद यादवले बताए ।

अर्का स्थानीय गणेश महतोले जनताको काम प्रभावित हुने गरी कार्यालय बन्द सरकारी बजेटमा आफन्तलाई भ्रमणमा लग्नु गैरजिम्मेवार कदम भएको टिप्पणी गर्दै दोषी जनप्रतिनिधिलाई कारवाही र आफ्ना माग पुरा नभएसम्म तालाबन्दी जारी रहने चेतावनी दिएका छन ।

उनीहरुले भ्रमण सम्बन्धी सम्पूर्ण विवरण सार्वजनिक गर्न, खर्चको पारदर्शिता कायम गर्न र घटनाको निष्पक्ष छानबिन गर्न माग गरेका छन् । माग सम्बोधन नभएसम्म तालाबन्दी जारी राख्ने चेतावनी उनीहरूले दिएका छन् । । तालाबन्दीका कारण वडा कार्यालयबाट प्रदान हुने सम्पूर्ण सेवा ठप्प भएको छ ।

वडा कार्यालयले चैत १० गते सूचना जारी गर्दै जनप्रतिनिधि र कर्मचारी धार्मिक तथा पर्यटकीय भ्रमणमा जाने भन्दै पाँच दिनका लागि सेवा बन्द रहने जानकारी गराएको थियो । भ्रमणमा रहेका वडाध्यक्ष रामचन्द्र मण्डलले सबै राजनीतिक दलको सहमतिमा पूर्वनिर्धारित कार्यक्रम अनुसार भ्रमणमा आएको दाबी गरेका छ्न ।

# विवादमा अध्यक्ष साह

**टुडे समाचारदाता**

रौतहट । समाचार लेखेको निहुँमा पत्रकारलाई गाली गलौज गर्दा आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साह विवादमा तानिएको छ ।

राजनीतिक मुद्दाभन्दा यतिखेर सामाजिक सञ्जालमा पत्रकारलाई गरेको गालीगलौज सहितको गरेको अभद्र व्यवहारका कारण अध्यक्ष साहको तीव्र आलोचना भइरहेको छ । रौतहटका पत्रकारहरूमाथि उनले गरेको गालीगलौज बाहिरिएको घटनाले सो क्षेत्रमा थप तरंग पैदा गरेको छ ।

पत्रकार संजय मिश्रले लेखेको एक समाचारलाई आधार बनाई अध्यक्षले सामाजिक सञ्जालमा गाली गलौजसहितका अभद्र व्यवहार गरेका छन् । पत्रकार मिश्रले आम जनता पार्टीका वैकल्पिक केन्द्रीय सदस्य राजनकुमार साहले पार्टी परित्याग गरेको विषय सार्वजनिक गरेका थिए ।




अध्यक्ष साह स्वयम् र कतिपय निकटस्थहरुले सञ्चालन गर्दै आएको भनिएका विभिन्न फेक आइडीमार्फत पत्रकारलाई विभिन्न विशेषण भिराउँदै अपमानजनक शब्द प्रयोग गर्दै साइबर आक्रमण गरिएको देखिन्छ ।

अध्यक्ष साहको यी क्रियाकलापलाई स्थानीय पत्रकार हरूले यसलाई योजनाबद्ध रूपमा गरिएको चरित्रहत्या प्रयासको रूपमा व्याख्या गरेका छन् । सामाजिक सञ्जालमा संगठित रूपमा गालीगलौज हुनु सामान्य प्रतिक्रिया नभई सुनियोजित गतिविधि भएको उनीहरूको भनाइ छ ।

उक्त घटनाप्रति प्रेस चौतारी नेपाल रौतहटले गम्भीर आपत्ति जनाएको छ । सचिव मुकेश कुमार साहले विज्ञप्ति जारी गर्दै समाचारप्रति असहमति भए कानुनी बाटो अपनाउन सकिने तर पत्रकारमाथि गालीगलौज गर्नु कुनै हालतमा स्वीकार्य नहुने बताएका छन् । उनले व्यावसायिक पत्रकारितामाथि यस्तो व्यवहार असह्य रहेको उल्लेख गर्दै तत्काल बन्द गर्न सम्बन्धित पक्षलाई चेतावनी दिएका छन् ।

समाचारमा चित्त नबुझे अदालत तथा प्रेस काउन्सिलको ढोका खुला हुँदाहुँदै सामाजिक सञ्जालमार्फत पत्रकारमाथि चरित्रहत्या गर्ने प्रयास हुनु प्रेस स्वतन्त्रतामाथिको सीधा हस्तक्षेप रहेको उनको भनाई छ । राजनीतिक नेतृत्वबाटै यस्तो गतिविधि हुनु लोकतान्त्रिक मूल्य र मान्यतामाथि प्रश्न उठाउने विषय बनेको उनको बुझाई छ ।

# एमालेको विरोध प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको रिहाइको माग गर्दै नेकपा एमाले धनुषाले आइतबार जिल्ला प्रशासन कार्यालय अगाडि प्रदर्शन गर्दै ज्ञापन पत्र बुझाएका छन् ।

पार्टीका केन्द्रिय निर्देशन अनुसार जिल्ला स्तरीय नेता तथा कार्यकर्ताहरूको उपस्थितिमा गरिएको प्रदर्शनका क्रममा सहभागीहरुले सरकारले राजनीतिक पूर्वाग्रह राख्दै विपक्षी नेतामाथि दमन गरेको आरोप लगाएका छन् ।

प्रदर्शनकारीहरूले ' लोकतन्त्रको रक्षा गर', 'राजनीतिक प्रतिशोध बन्द गर', 'गृहमन्त्री राजीनामा दे' लगायतका नारा लगाउँदै प्रशासन कार्यालय घेराउ गरेका थिए । प्रदर्शनकै क्रममा उनीहरूले प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलमार्फत प्रधानमन्त्री तथा राष्ट्रपति समक्ष ज्ञापनपत्र बुझाएका छन् ।



एमाले धनुषाका अध्यक्ष भोला यादवले वर्तमान सरकारले विधिको शासनभन्दा पनि शक्ति प्रयोगमार्फत राजनीतिक प्रतिशोध साँध्ने काम गरिरहेको आरोप लगाए । ज्ञापनपत्रमा केपी शर्मा ओलीमाथि लगाइएका आरोपहरू राजनीतिक प्रेरित भएको दाबी गरिएको छ । साथै, न्यायिक प्रक्रिया निष्पक्ष र पारदर्शी हुनुपर्ने माग पनि गरिएको छ ।

प्रदर्शनका क्रममा सुरक्षाकर्मीहरूको बाक्लो उपस्थिति देखिएको थियो । सम्भावित अप्रिय घटनालाई मध्यनजर गर्दै प्रशासनले सुरक्षा व्यवस्था कडा पारेको थियो । प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको प्रहरीले जनाएको छ । एमालेका कार्यकर्ताहरूले देशभर नै यस्ता विरोध कार्यक्रमलाई निरन्तरता दिने चेतावनी दिएका छन् । उनीहरूले सरकारलाई तत्काल आफ्ना निर्णयहरू सच्याउन आग्रह गर्दै अन्यथा कडा आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएका छन् ।

प्रदर्शनका क्रममा सुरक्षाकर्मीहरूको बाक्लो उपस्थिति रहेको थियो । सम्भावित अप्रिय घटनालाई मध्यनजर गर्दै स्थानीय प्रशासनले सुरक्षा व्यवस्था कडा बनाएका थिए । प्रदर्शन शान्तिपूर्ण रूपमा धनुषामा सम्पन्न भएको कुनै प्रकारको अप्रिय घटना नभएको प्रहरीले जनाएको छ ।

# लागू औषधसहित दुई पक्राउ

**टुडे समाचारदाता**

रौतहट । बारा जिल्लासंग जोडिएको नेपाल-भारत सीमाक्षेत्रमा लागूऔषध तस्करीको प्रयास विफल पार्दै भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले ठूलो परिमाणमा कोडिनयुक्त ओनेरेक्स कफ सिरप बरामद गरेको छ। सोही क्रममा दुई जनालाई नियन्त्रणमा लिइएको छ ।



शनिबार साँझ करिब ७:४५ बजे प्राप्त विशेष सूचनाका आधारमा एसएसबी ७१ बटालियन, मोतिहारीअन्तर्गत 'बी' कम्पनी महुआवाले छौडादानो थाना प्रहरीसँग संयुक्त रूपमा अपरेशन सञ्चालन गरेको थियो। अपरेशनका क्रममा बीआर २२ जीसी ७३८२ नम्बरको टाटा एस गोल्ड सवारीसाधन जाँच गर्दा ठूलो परिमाणमा ओनेरेक्स कफ सिरप फेला परेको हो ।

एसएसबी मुख्यालय पिपराकोठिका सहायक कमाण्डेन्ट बिश्वजित तिवारीका अनुसार सवारीसाधनबाट १०० एमएलका ८४० फायल ओनेरेक्स सिरप बरामद गरिएको हो ।

प्रारम्भिक अनुसन्धान अनुसार उक्त लागूऔषध भारतबाट अवैध रूपमा नेपालतर्फ ल्याउँदै गरिएको अवस्थामा फेला परेको हो। बरामदगी स्थल सीमास्तम्भ (आईएनबी) बीपी नम्बर ३७६ नजिक, बेला गाउँबाट करिब १० किलोमिटर दूरीमा पर्छ ।

एसएसबी प्रवक्ता बिनित कुमार सिहका अनुसार घटनामा एक भारतीय र एक नेपाली नागरिक पक्राउ परेका छन्। पक्राउ पर्नेमा भारतको पश्चिम चम्पारण जिल्लाका ३५ वर्षीय जन्मेजय कुमार मिश्र र नेपाल बारा जिल्ला कबहिगोठ-३, जमुनिया निवासी ५० वर्षीय रमेश प्रसाद रहेका छन् ।

बरामद गरिएको लागूऔषध र पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि छौडादानो थानामा बुझाइएको एसएसबीले जनाएको छ ।

## बलात्कार आरोपमा एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । बालिका बलात्कार आरोपमा एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । धनुषाको बटेश्वर गाउँपालिका-५ शान्तिपुर (दनुवार टोल) मा एक ९ वर्षीया बालिकामाथि बलात्कार गरेको आरोपमा ५३ वर्षीय ओपेन्द्र सिंह दनुवार पक्राउ गरेको हो ।

घटना गत बिहीबारको रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । धनुषा प्रहरीका प्रवक्ता गणेशबहादुर बलमे पीडित बालिकाको परिवारजनले दिएको जाहेरीको आधारमा आरोपीलाई नियन्त्रणमा लिइएको जानकारी दिएका छ्न ।

जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ परेका व्यक्तिको स्वास्थ्य परीक्षण गराइसकेको जनाएको छ । घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको उनले जनाएको छ । बालिकाको स्वास्थ्य अवस्था तथा घटनाका संवेदनशील विवरण गोपनीय राखिएको छ ।

प्रहरीका अनुसार यस्ता घटनामा गम्भीरतापूर्वक अनुसन्धान गरि दोषीलाई कानुनी दायरामा ल्याउने काम भइरहेको छ ।

# विद्यालयमा विज्ञान प्रयोगशाला जडान

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्राविधिक शिक्षामा जोड दिन विद्यालयहरुमा विज्ञान प्रयोगशाला जडान कार्यक्रमलाई तीव्र पारेका छन् ।




मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयको सहयोगमा जनकपुरधाम उपमहानगरपालिका २२ स्थित श्री माध्यमिक विद्यालय बसबिट्टीमा जडान गरिएको विज्ञान प्रयोगशालाको उद्घाटन गरिएको छ ।

एक कार्यक्रमकाबीच शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले विज्ञान प्रयोगशालाको उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने विज्ञान प्रयोगशाला सञ्चालनले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्नेछ ।

उनले विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक अध्ययनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउँदै यस्तो पूर्वाधारले अनुसन्धान क्षमता, सिर्जनशीलता तथा तथ्य पहिचान गर्ने सीप विकासमा सहयोग पुग्ने बताइन् ।

मन्त्री तिवारीले आधुनिक शिक्षामा विज्ञान र प्रविधिको भूमिका उल्लेखनीय रहेको उल्लेख गर्दै प्रदेश सरकारले शैक्षिक सुधारका लागि यस्ता कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको जानकारी दिइन् ।

उनका अनुसार आगामी दिनमा अन्य विद्यालयहरूमा पनि यस्ता प्रयोगशालाहरू विस्तार गर्ने योजना रहेको छ । उक्त प्रयोगशाला स्थापना कार्यमा सहयोग गर्ने सम्पूर्ण निकाय, विद्यालय परिवार तथा स्थानीयवासीप्रति मन्त्री तिवारीले आभार व्यक्त गरिन् ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८